# म्यूजिक खबर

www.musickhabar.com

Musickhabar Bi-Monthly Newspaper

पाक्षिक

वर्ष १, अंक २, २०७३ कार्तिक १५ देखि ३० सम्म

रु.१५।-




रहरै रहरमा गायिका

६



तस्वीरः फेसन स्टुडियो

## रूपको बहार खोज्दै सदाबहार अञ्जु

नेपाली सुगम संगीतकी सदाबहार गायिका हुन् अन्जु पन्त । उनको स्वरमा जति दम छ, उति नै सौन्दर्यमा पनि खुल्दै गएकी छिन् । पछिल्लो समय मिडियामा खासै नदेखिए पनि भित्रभित्र गायनमा अन्जु राज चलिरहेको छ । यहाँसम्म त ठीकै छ । तर हिजोआज अन्जु आफ्नो सौन्दर्यताप्रति पनि चिन्तित हुन थालेकी छिन् । उनले केही समयअघि फेसबुक वालमा एउटा स्टाटस लेखिन्ः 'म योभन्दा पनि राम्री बन्नु के गर्नुपर्ला ?' अन्जुको यस्तो स्टाटस आएपछि उनका फ्यानलाई के नै निहुँ चाहियो र ! बजारमा तरकारीवालीको चर्चा चलिरहेको बेला अन्जु यस्तो स्टाटसले सामाजिक सञ्जालमा विशेषगरी ट्वीटरमा दोहोरी नै चलिरहेको छ । धेरैले अन्जुलाई 'भो योभन्दा राम्री हुनु पर्दैन, फेरि मनोजराजहरूको मन पोल्छ ।' हुन पनि अन्जुले उक्त स्टाटससँगै एउटा पार्लरमा ऐन हेरिरहेको तस्विर पोस्ट गरेकी थिइन् । गीतसंगीतमा जसरी एकदशकयता एकछत्र जस्तै राज गर्दै आएकी अन्जुले पछिल्लो समय किन आफ्नो सौन्दर्यप्रति चिन्ता व्यक्त गरिन् त ? यसको जवाफ पनि सञ्जालमै दिइएको छ ।

धेरैले उनलाई यसो भनेका छन्ः- 'तपाईं रूपमा सुन्दर हुनुभन्दा पनि स्वरमा जादू देखाएर आफ्नो नयाँ जीवनसाथी बनाउनुस् ।' हुन त आफ्नो स्वरका जादूले लाखौं फ्यानको माया बटुलिरहेकी अन्जु पछिल्लो समय सातामा एकपटक ब्यूटि पार्लर जाने गर्छिन् । यसको आसय के बुझिन्छ भने उनीमा सिंगल हुनुको पीडा पक्कै छ । संगीतकार तथा गायक पति मनोजराजसँग सम्बन्ध बिच्छेदपछि अहिलेसम्म सिंगल नै रहेकी अन्जुले के अब दोस्रो विहे गर्छिन् त ? उनका फ्यान तथा प्रशंसकको तिब्र चासो बढ्दै गएको छ ।

विस्तृत ५ पेजमा

### रामकृष्ण ढकालसँग अन्तरङ्ग


विस्तृत ९ पृष्ठमा






## रिलिज कर्नर


# पूनर्निर्माणको चाहना राख्ने गर्ने भिडियो



अघिल्लो वर्षको भूकम्पपछि सुचारू हुनु पर्ने पूनर्निर्माणको कार्यले गति लिन सकेको छैन । पूनर्निर्माण गरेर नेपाललाई पुनः एक पटक सुन्दर बनाइनु पर्छ भन्ने भावना बोकेको गीत तथा म्युजिक भिडियो सोमबार काठमाडौंमा लोकार्पण गरिएको छ । कमलादी गणेस्थानमा आयोजित एक समारोहमा गीतकार सुना भण्डारीद्वारा रचना गरिएको 'हे आमा नेपाल..' गीतको एल्बम तथा म्युजिक भिडियो सार्वजनिक गरिएको हो । गीतकार भण्डारी तथा म्युजिक भिडियोका निर्देशक कृष्णदेव रूपाखेतीले उक्त एल्बम विमोचन गरेका हुन् ।

यो एल्बमलाई पशुपति वंशीराम मण्डप नेपालले प्रस्तुत गरेको हो । यो गीतमा गायिका संगीता राना प्रधान तथा गायक विनोद पछाईको युगल गायन छ । विनोद पछाइ यो गीतका संगीतकार पनि हुन् । सार्वजनिक गरिएको भिडियोमा अभिनेता नरेन खड्का तथा अभिनेत्री सम्पदा बानियांले अभिनय गरेका छन् । महाराजा थापाद्वारा संगीत संयोजन गरिएको यो गीतको भिडियोका छायांकार अमृत सुनुवार हुन् भने निशान घिमिरेले यो भिडियोलाई सम्पादन गरेका हुन् । भिडियोमा भूकम्पले पुऱ्याएको क्षतीदेखि लिएर पुनर्निर्माणका प्रयासहरूलाई समेत समेटिएको छ ।

# हेमन्तको 'जमिन मुनी बदाम फल्यो'




लोकप्रिय गायक हेमन्त शर्माको नयाँ गीतको गीत बजारमा आएको छ । मूल हौ भने, छोयो छोयो मायाले, माया त यस्तो होस्, के माया गर्नु हुन्न र जस्ता चर्चित गीतका गायक शर्माले पछिल्लो समयमा भने शिब हमालको शब्द संगीत रहेको 'जमिन मूनी बदाम फल्यो'बोलको सार्वजनिक गरेका हुन् । गीतमा श्यामस्वेत रसाईलीको संगीत संयोजन रहेको छ ।

प्राय गीत आफै लेख्ने, संगीत गर्ने र गाउने शर्मा पछिल्लो समय म्यूजिक भिडियो निर्देशनमा पनि देखा परेका छन् । तर यसपटकबाट उनले निर्देशन भने आफैं गरेका छन् । भिडियोमा नायिका प्रियंका कार्की र आकाश श्रेष्ठलाई फिचरिङ गरिएको छ । राजिव समर कोरियोग्राफि रहेको भिडियोलाई धिरज जंग शाहको छायाँकनमा प्रकाश तुलाधरले सम्पादन गरेका छन् ।

# म त माया नफापेको मान्छे



चलचित्र पत्रकार संघका अध्यक्ष शान्तिप्रियको लेखनमा रहेको म त माया नफापेको मान्छे बोलको गीतको म्यूजिक भिडियो निर्माण गगरिएको छ । गायिका अन्जना गुरूङको स्वरमा रहेको उक्त गीतमा संगीतकार सन्तोष श्रेष्ठले संगीत दिएका छन् । सुदीप सागरको संगीत संयोजन रहेको उक्त गीतलाई भोला पौड्यालले मिक्सिङ गरेका हुन् । मायाप्रेमको कथाभित्र अविश्वासको भावनालाई गीतभित्र प्रस्तुत गरिएको छ । भिडियोमा अनामिका चौलागाई, माधव पौड्याल, निशा थापा, सुमन खतिवडाको अभिनय रहेको छ भने नेपालकी पहिलो महिला छायाँकार सवनम मुखियाको निर्देशन रहेको छ । म्यूजिक भिडियोमा सवनमको यो डेब्यू निर्देशन हो ।

भिडियोको कोरियोग्राफ भने राजीव बलामीले गरेका छन् भने सहनिर्देशनमा शान्त बहादुर तामाङ रहेको छन् । बाबुराम नेपालीको छायाँकन रहेको उक्त म्यूजिक भिडियोको सम्पादन अरूण शर्माले गर्नेछन् । विष्णु ठकुरी, विशाल प्रजापति, भरत नेपालको प्रकाश रहेको भिडियोमा विना पाण्डे र कृति बरालको श्रृंगार रहेको थियो । भिडियो मण्डिखाटारस्थित फ्रेस फार्म रिसोर्टको वरिपरि खिचिएको हो ।

# 'कार्कीको "बहार" सदाबहार बनोस्'



गायिका मिरा कार्कीको बहार सार्वजनिक कार्यक्रममा बोल्दै गायक तथा संगीतकार टीका भण्डारीले बहार एल्बम सदाबहार बन्नुपर्ने बताए । गायिका मिराको एल्बमको समीक्षा गर्दै भण्डारीले स्वर राम्रो रहेको हुँदा निरन्तरता दिनसक्दा पक्कै पनि सदाबहार बन्ने बाटो खुल्ने बताए । चर्चित कलाकार मदनकृष्ण श्रेष्ठको प्रमुख आतिथ्यता एवं वरिष्ठ संगीतकार प्रकाश गुरूङको सभापतित्वमा गायक किरण प्रधान, संगीतकार एवं गायक टीका भण्डारी, गायक जगतमर्दन थापा, पाकिस्तानी राजदूतलगायतका अतिथिहरूको हातबाट बहारलाई सार्वजनिक गरिएको हो ।

कार्यक्रमलाई स्वागत गर्दै गीतकार एवं बहार एल्बमका निर्माता विष्णु कार्कीले गीतसंगीतको क्षेत्रमा भएको यो सुरुवातले निरन्तर रूपमा मिरालाई सांगीतिक क्षेत्रमा क्रियाशील गराउने बताएका थिए । एल्बमको समीक्षा गर्दै गायक संगीतकार टीका भण्डारीले अब गायिका मिराको स्वर अनुसार निरन्तर गायनमै लागेदेखि सदाबहार बन्न सक्ने खुशी भएको बताए । त्यसैगरी गायक किरण प्रधानले गायिका मिरालाई गायिका बनाउने विष्णु कार्कीले गरेको मेहनतको प्रशंसा गरेका थिए । त्यस्तै प्रमुख अतिथि मदनकृष्ण श्रेष्ठले मिराको प्रगति दिनप्रतिदिन चुलियोस् भन्दै शुभकामना दिए । त्यस्तै कार्यक्रमका सभापति एवं गायिका मिरा कार्कीको गुरूसमेत रहेका संगीतकार प्रकाश गुरूङले आफूलाई नै थाहा नभई उनले एल्बम बजारमा ल्याएको देख्दा उनको मेहनत देखेर खुशी लागेको बताए । म्यूजिक खबर डटकमको आयोजनामा भएको उक्त विमोचन कार्यक्रमको सुरुवातमा सिर्जना ज्ञानसागर स्कुलका विद्यार्थीहरूले एल्बममा समावेश रहेको हिंड्छु म बोलको राष्ट्रिय भावको गीतमा नृत्य गरेका थिए । कार्यक्रममा शिर शिर बोलको गीतको म्यूजिक भिडियो सार्वजनिक गरिएको थियो । कार्यक्रम नरेश भट्टराईले संचालन गरेका थिए ।

एल्बमभित्र पाँचवटा गीत समावेश गरिएको छ । जसमा शिरशिर, कसम तिम्रै, तिमी आयौ, हिंड्छु म, सानो एउटा कुराले जस्ता गीत समावेश गरिएका छन् । विष्णु कार्की, सुमन श्रापित र गायिका मिरा कार्कीको शब्द रहेको यस एल्बमको सबै गीतको संगीत र एरेन्ज भने बीबी अनुरागीको रहेको छ । एल्बमलाई ओपल अडियो भिडियोले बजार प्रबर्द्धन गरेको छ ।

# किशोरको 'ट्रिब्यूट'




गायक किशोर शिवाकोटी संसारका सबै प्राणीको सुरूवात आमाबाटै भएको बताउँदै आमाभन्दा संसारमा ठूलो कोही पनि नभएको दाबी गरे । आमा नभएको भए म यो धर्तीमा हुने थिइनँ उनले अलि भावुक बन्दै भन्दै गर्दा त्यही भावुकताभित्र उनले उनको शब्द र संगीतको जादूभित्र स्वरको त्रिवेणी पस्किँदा भने सुमधुर बन्न सफल भयो । संसारको सबैभन्दा अमुल्य कुरा हो, आमा । आमाले संसार छाडेपछि दिनबाट संसार आफ्नो होइनकी जस्तो लागिरहेको बताउँदै गायक शिवाकोटीले आमाकै यादमा गीत लेखेका हुन् । उनलाई आमाको यादले औधि सतायो । त्यसपछि उनले आमाको अभावको गीत लेखे घर शून्य भो, आँगन शून्य भो, तिमी बिनाको यो घर अध्यँरो भयो । आमा' तिमी कहाँ छौ ? छ भने पुनर्जन्म तिम्रै कोखमा जन्मन पाउँ । यो गीतसँगै उनको एल्बम 'ट्रिब्यूट'को सार्वजनिक भएको थियो । गायक प्रेमध्वज प्रधानको प्रमुख आतिथ्यतामा भएको उक्त कार्यक्रममा गीतसंगीत क्षेत्रका विशिष्ट, चर्चित गीतकार, संगीतकार, गायकहरूको उपस्थिति रहेको थियो ।

यस्तै मिठा ९ ओटा गीत जम्मा गरेर उनले एल्बम 'ट्रिब्यूट' (समर्पण) ल्याउन सफल भए । गायक प्रेमध्वज प्रधान, फिल्म निर्देशक एवं गीतकार तुलसी घिमिरे, गीतकार डा. कृष्णहरी बराल, गीतकार डा. नवराज लम्साल लगायतले 'ट्रिब्यूट' एल्बमको विमोचन गरे । उनको गीतका बारेमा बोल्दै प्रेमध्वज प्रधानले आमाप्रति समर्पण गरेको गीत राम्रो भएको बताएका छन् । त्यस्तै उनले गीत लेखन, संगीत र गाउने त्रिवेणीको कामको प्रसंसा गरेका थिए ।

यो भिडियोमा नायिका प्रियंका कार्की र नायक दिपर्शन जंग राणाको मोडलिङ रहेको छ । विमोचन कार्यक्रममा उक्त गीतको भिडियो प्रदर्शन गर्नुका साथै किशोरले तीनवटा गीत गाएका थिए । एल्बममा गायक किशोरका साथै सरबजीत राई, डा. नवराज लम्साल, एकनारायण भन्डारी, अम्बर सुब्बा, दिपक दशनामी, कुशुम गजमेरका शब्द रहेका छन् । त्यस्तै संगीतमा किशोरका अलवा रञ्जित गजमेर, सुनील मास्के, सत्यस्वरुप आचार्य, अम्बर सुब्बा, किरण गजमेरको रहेको छ ।

# म तिम्रो होइन भने त




गायक चुडामणी नेपालीको लोकदोहोरी गीत 'म तिम्रो होइन भने त' सार्वजनिक भएको छ । मायाप्रेमकै कथावस्तुमा रहेको यस गीतमा बबिता बानियाँ जेरीले शब्द लेखेकी छन् भने गायक विरही कार्कीले संगीत दिएका छन् । लोकप्रिय गायिका शर्मिला गुरूङ र चुडामणी नेपालको स्वर रहेको यस गीत भर्खरै सार्वजनिक भएको हो ।

'म तिम्रो होइन भने त, मुखले ठिक्क नपार मायाले मनमा माया छैन भने त' बोलको गीत सुनखानी म्यूजिकबाट बजारमा आएको हो । यस गीतको म्यूजिक भिडियोसमेत निर्माण भइसकेको छ । शिव विकको निर्देशनमा तयार भएको म्यूजिक भिडियोमा नारायण ढकाल र आशा खड्काको अभिनय रहेको छ । शम्भु चालिसेको छायाँकन रहेको यस गीतलाई रविन विकले सम्पादन गरेका छन् ।

# डा.बराललाई संगीत सम्मान
# ७ पत्रकारलाई संगीत पत्रकारिता पुरस्कार




बिन्ध्यबासिनी संगीत साँझमा डा.बराललाई सम्मान, ७ पत्रकार पुरस्कृत, अवार्डको मनोनयमा परेकालाई प्रमाणपत्र प्रदान

गीत संगीत क्षेत्रको विकास र संगीतकर्मीहरूको हितका लागि स्थापना भएको विन्ध्यवासिनी फाउण्डेसनले हरेक वर्ष जस्तै यस बर्ष पनि विन्ध्यवासिनी सम्मान तथा संगीत साँझ २०७३ सम्पन्न गरेको छ । यस कार्यक्रममा संगीतकर्मी २०७३ बाट ख्यातिप्राप्त गीतकार डा. कृष्णहरी बराललाई विन्ध्यवासिनी संगीत सम्मान प्रदान गरिएको छ । गीतकार डा. बरालले गीत रचना मार्फत सांगितीक क्षेत्रको श्रीबृद्धीका लागि पुऱ्याउनु भएको योगदानको उच्च मूल्यांकन गर्दै रू ५० हजार १ रूपियाँ सहित सम्मान गरिएको हो ।

सोही अवसरमा हरेक वर्ष झैं यस वर्ष पनि पत्रकारिता मार्फत संगीत क्षेत्रको विकास र उन्नतीका लागि योगदान पुऱ्याउने पत्रकारहरूलाई सम्मान गरिएको छ । जनही नगद ५ हजार रूपियाँ सहित पत्रकारहरू सामिप्य तिमल्सेना, सन्तोष भट्टराई, अशेष अधिकारी, अनुषा पौडेल, गीता अधिकारी, सुरज पौडेल र एमपी सुब्बालाई विन्ध्यवासिनी संगीत पत्रकारिता पुरस्कार प्रदान गरिएको हो ।




यसैगरी दुबै मृगौलाले काम गर्न छोडी जीवन मरणको दोसाँधमा गुज्रिरहेका पशुपति म्युजिकका सञ्चालक तथा संगीत व्यवसायी शिव पौडेललाई मृगौला प्रत्यारोपणमा सहयोग पुऱ्याउने उद्येश्यले उपचार सहयोग स्वरूप रू ३ लाख १० हजार ६ सय ७ रूपियाँ प्रदान गरिएको छ । यो सहयोग फाउण्डेसनका आजीवन सदस्य र साधारण सदस्यका साथमा शुभेच्छुकहरूबाट प्राप्त १ लाख ५२ हजार ६ शय ७ रूपियाँमा र विन्ध्यवासिनी म्युजिक कम्पनीले १ लाख ५८ हजार रूपियाँ थप गरी ३ लाख १० हजार ६ शय ७ रूपियाँ संग्रहित भएको हो । बिन्ध्यबासिनी फाउण्डेसनले यसअघि २०७० सालमा पहिलो कार्यक्रम सत्य-स्वरूप एकल साँझ आयोजना गरी भक्तराज संगीत प्रतिष्ठानलाई सहयोग उपलब्ध गराएको थियो भने २०७१ सालमा विमल डांगी एकल साँझ आयोजना गरी डोल्पा र स्याङजाका ४ विपन्न तथा अहसाय बालबालिकालाई अध्ययनमा सहयोग पुऱ्याउंदै आएको छ ।

संगीत साँझमा नेपालका चर्चित सांगीतिक हस्ती रामकृष्ण ढकाल, आनन्द कार्की, निशा देशार, रामचन्द्र काफ्ले, जुनु रिजाल, सुमन सरगम, कुलेंन्द्र बिश्वकर्मा, विश्व नेपाली लगाएतका कलाकार हरूले आफ्नो सांगीतिक प्रस्तुति दिएका थिए । सोही अवसरमा यसगरी आगामी मंसिर २४ गते शुक्रबार राजधानीको भद्रकाली स्थित आर्मी अफिसर्स क्लबमा आयोजना हुने सातौं संस्करणको विन्ध्यवासिनी म्युजिक अवार्ड २०७३ को कुल ३१ विधाको मनोनयनमा पर्ने संगीतकर्मीहरूलाई प्रमाणपत्र समेत सोहि कार्यक्रममा प्रदान गरिएको छ ।

# मानदेवको पहिलो पथ

संगीतकार नरहरि प्रेमीको एकल संगीतमा रहेको गायक मानदेव ताजपुरियाको पहिलो पथ सार्वजनिक भएको छ । म्यूजिक खबर डटकमको आयोजनामा राजधानीको अनामनगर स्थित विनायो क्याफेमा वरिष्ठ संगीतकार राजु सिंह, चर्चित गीतकार, कवि डा. नवराज लम्साल, नेपाल सांगीतिक संघका महासचिव संगीतकार सन्तोष श्रेष्ठ, अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजका वरिष्ठ उपाध्यक्ष एवं नेपाल च्याप्टरका अध्यक्ष राधेश्याम लेकाली, भाइब्स क्रियशनका प्रबन्ध निर्देशक एवं गायक परशुराम रिजाललगायतको हातबाट फस्ट वेलाई सार्वजनिक गरिएको हो ।

भाइब्स क्रियशनका प्रबन्ध निर्देशक परशुराम रिजालको सभापतित्वमा भएको उक्त विमोचन कार्यक्रमलाई स्वागत गर्दै गायक मानदेव ताजपुरियाले आफ्ना अनुभवहरू सुनाएका थिए । त्यस्तै एल्बमभित्रको संगीतको पक्षलाई उजागर गर्दै संगीतकार नरहरि प्रेमीले भारतमा गएर रेकर्ड गर्दाका अनुभव सुनाए । उनले एउटा टेलर मास्टरले कपडाको साइज नाप्दै गर्दा तलमाथि गराएजस्तै आफूले मानदेवको घाँटीलाई पनि तलमाथि गराउँदै उत्कृष्टता खोजेको बताए ।

त्यसैगरी नेपाल सांगीतिक संघका महासचिव एवं संगीतकार सन्तोष श्रेष्ठले एल्बमको समीक्षा गर्दै गायकको स्वरको प्रसंशा गर्दै एल्बमको समीक्षा विमोचनमा गर्नुभन्दा पनि अब एल्बम बजारमा आउनुपूर्व नै समीक्षा हुनुपर्ने बताए ।

त्यस्तै वरिष्ठ गीतकार एवं कवि डा.नवराज लम्सालले फोनबाटै आफूले गीत टिपाएको स्मरण गर्दै गीतसंगीतमा निरन्तर लाग्ने सुझाव दिए । लम्सालले खोलाको छालजस्तो बगरमा पुगेर सुक्ने बन्नु हुँदै खोलाजस्तो निरन्तर बग्नुपर्छ भन्दै




सदाबहार बन्न सक्ने फरक पहिचान बोकेर आउनुपर्ने बताए ।

त्यसैगरी कार्यक्रमका प्रमुख अतिथि वरिष्ठ संगीतकार राजु सिंहले गीतसंगीतले सबैको मन जित्न सके मात्र सफल हुने बताउँदै मानदेवले पक्कै पनि आफ्नो परिश्रम, मेहनत गर्दै संगीतको शिक्षालाई सँगै लैजान सके भविश्य उज्ज्वल रहेको बताए । आफूले नै आफ्नो पहिचान बनाउने बताउँदै सिंहले सफलताको शुभकामना दिए ।

संगीतकार नरहरि प्रेमीको एकल संगीत रहेको फस्ट वे अर्थात् पहिलो पथमा अन्जु पन्त, सञ्जीवनी, अनुराधा पौडेलको संयुक्त स्वरलाई पनि समावेश गरिएको छ । एल्बममा मिनसागर लामा, किरण खरेल, डा.भोला रिजाल, डा. नवराज लम्साल, लोकराज अधिकारी, आदर्श सुशील, दिनेश गजमेरको शब्द रचना रहेको छ । हाम्रो माया, भुलौं भुलौं, झ्याप्पै, फिर्ता लिन, सबले मलाई, छालजस्तै र मिलन पछिको बोलको गीत समावेश रहेको छ । एल्बमलाई भाइब्स क्रियशनले बजार प्रबर्द्धन गरेको छ ।

# वीरबलको बासिसक्यो भाले



गायनकै क्रममा डेढ दशक पार गरिसकेका गायक हुन् वीरबल ढकाल । उनले गीत गाउँछन् तर आफ्नै गाउँको सेरोफेरोलाई बढी समेट्ने गर्छन् । जन्मिएको गाउँघर, हुर्किएको माटोसँग जति आत्मीयता हुन्छ त्यो स्वर्गीय आनन्द अन्त कतै मिल्दैन भन्ने उनको सोचाइ छ । गोरखाको उत्तरी भेग मान्धुमा जन्मिएका गायक बीरबल ढकाललाई गाउँको रोधीले पनि गायक बनाएको हो । गाउँदेखि रोधी बस्दै आएका गायक बीरबललाई धेरै गीतहरूले चिनाएको छ । मनभरि गाउँको संस्कृति झल्किए पनि राजधानीको बसाइमा भएको उतारचढावले उनलाई व्यवसायिक गायक भने बनाउन सकेन । अरूको गीत गाउनुभन्दा पनि आफ्नैपनको गीत मात्रै उनले गाउँदै आएका छन् । जसले गर्दा उनको परिचय नै गाउँको माटोसँग नजिक छ ।

जन्भमूमि, मायालाई सम्झेर, सात समुन्द्र पारी, तिम्रै घरको बाटो लगायत दर्जनौं गीतमा स्वर दिइसकेका गायक बीरबल ढकालको लय र स्वरमा रहेको गीत बासिसक्यो भाले यतिखेर चर्चाको शिखरमा छ । रमेश बिजीको शब्दमा तयार भएको यो गीतमा देवी घर्तीले स्वरमा साथ दिएकी छन् । यस गीतको थेगो भने केशर बहादुर अधिकारीको रहेको छ । रेडियो, टेलिभिजन र सामाजिक सञ्जालहरूमा चर्चाको शिखरमा रहेको यो गीतले गाउँको परिवेश झल्काएको छ । मायाप्रेममा परेका जोडीका लागि यो गीतले कौतुहलता पस्केको छ । भाले बासेपछि उज्यालोको संकेत देखिन्छ तर रातभरि मायाकै झल्कोमा हराएको एउटा प्रेमीलाई अझै त्यो रातको महत्व यो गीतले गराएको छ । मायाको सम्झनामा पागल हुनेहरूले यो गीतलाई एकचोटी सुन्दा पुनः सम्झनाले तर्साउने देखिन्छ । बासिसक्यो भालेको म्यूजिक भिडियो पनि तयार भएको छ । हरि र अनिताको अभिनय रहेको यस गीतको म्यूजिक भिडियोलाई भने दुर्गा पौडेलले निर्देशन र छायाँकन गरेका छन् । प्रविन रेश्मीमगरले सम्पादन गरेको यो म्यूजिक भिडियोलाई रसुवाको रमणीय दृश्यभित्र कैद गरिएको छ । यस गीतलाई शितल म्यूजिकले बजार प्रबर्द्धन गरेको छ ।



# राधिका, सन्तोष र सविरको
# जून तारा

काठमाडौं । पछिल्लो समय नेपाली सांगीतिक क्षेत्रमा युवा पुस्ताको निक्कै झुकाव देखिन्छ । यहि झुकावका कारण दिन प्रतिदिन यो क्षेत्रमा युवा पुस्ताको बाकलो उपस्थिती देख्न सकिन्छ । यहि क्रममा राम्रो सम्भावना सहित गायन क्षेत्रमा आएका छन् गायक सबिर ऐर । उनले गाएको 'मेरो जून सँगै'बोलको गीतको म्यूजिक भिडियो सार्वजनिक भएको छ । सञ्चारकर्मी राधिका अधिकारीको शब्द रहेको उक्त गीतमा युवा पुस्ताका चर्चित संगीतकार सन्तोष श्रेष्ठको संगीत रहेको छ । जनक सिंहले निर्देशन गरेको उक्त गीतको भिडियोमा देखिएका छन् पछिल्लो समयका चर्चित मोडल सनम कठायत ।

सनमलाई जोडीका रूपमा साथ दिएकी छिन् मोडल कुसुम राईले । उत्सव दाहालले खिचेको भिडियोलाई टेकेन्द्र शाहले सम्पादन गरेका छन् । परूधन ऐरको प्रस्तुतिमा निर्माण भएको उक्त गीतलाई एभरेस्ट ग्यालरीले बजार ब्यबस्थापन गरेको छ ।

आधुनिक, चलचित्र, लोक, पपलगायतका गीतसंगीतको रेकर्डिङ, संगीत, एरेन्ज एवं
अडियो भिडियो उत्पादन तथा बजार प्रबर्द्धनका लागि हामीलाई सम्झनुहोस् ।
MB Music Recording Studio
Kapoordhara Marga, VK Plaza, Samakhusi, Kathmandu.
सम्पर्क: ९८४१८७९१०५, ९८४१३४१३२२

गोरखा चौतारी म्युजिक प्रा.लि.
पुतलीसडक काठमाडौं, मो.नं.: ९८४९४४६३३८
हाम्रा सेवाहरु
१. उत्कृष्ट अडियो तथा भिडियो निर्माण
२. गित संगीतको बजार व्यवस्थापन तथा अनुगमन
३. विज्ञापन तथा प्रचार प्रसार सम्बन्धि कारोबार
४. डकुमेन्ट्री तथा Short Movie निर्माण
५. गित संगीत सम्बन्धि सम्पूर्ण कारोबार
कार्यक्रम
संगित चौतारी
हरेक विहान ८ बजे
NTV Plus मा
सुनिल लामिछानेको
साथमा



**सल्लाहकार**
डा.कृष्णहरि बराल
डा.नवराज लम्साल
शान्तिप्रिय
नारायण रायमाझी
टीका भण्डारी
सन्तोष श्रेष्ठ

**सम्वाददाता**
राधिका अधिकारी
दिनेश थापा

**व्यवस्थापक**
अविनाश लम्साल

**तस्वीर**
नवीनबाबु गुरुङ
देवराज आचार्य

## सम्पादकीय

# सङ्गीतकर्मीले बुझ्ने कहिले ?

हाम्रो संगीत क्षेत्र फराकिलो बन्दै गएको लामो समय भइसक्यो । हामी संगीतको क्षेत्रमा क्रियाशील भएका कलाकारहरूले आफ्नो सिर्जनालाई विश्वभर फैलाउन पनि सफल भयौं । प्रविधिको परिवर्तनसँगै संगीत क्षेत्रमा पनि विकास र विस्तार भइरहेकै छ । त्यति हो हिजो अडियोको जमानामा प्रविधि कमजोर थियो नेपालका लागि । त्यसैले धेरै व्यापार गरेको थियो गीतसंगीतले । तर आज प्रविधिले गर्दा अडियो बिक्रीको संख्या घट्यो तर प्रविधिले व्यापारलाई साथ दिइरहेकै छ । हामीले जानेर वा नजानेर प्रविधिलाई प्रयोग गरिरहेका छौं तर कहाँनेर गल्ती भयो भन्ने बुझेनौं र सदुपयोग कति गरियो भन्नेतर्फ पनि ध्यान दिएनौं । त्यो अवस्थाले अहिलेको संगीतको व्यापारमा आँच आएको पक्कै हो ।

कलाकारहरू पहिलेको तुलनामा अहिले संख्यात्मक रूपमा बृद्धि भएका भने पक्कै हुन् । तर गीतसंगीतमा गुणात्मकता खोज्न भने सकिरहेको अवस्था छैन । सयमा ५ प्रतिशत गुणात्मकतातर्फ लागेको देखिन्छ । समयले कोल्टे फेरेको छ, सुन्ने र हेर्ने जमाना आएको छ । एउटा गीत निर्माण गरिसकेपछि त्यसको दृश्य (भिडियो) निर्माण नगरे अहिले गीतले अर्थ राख्न छाडेको छ । एउटा गीत निर्माण हुँदा थोरैमा पनि एकदेखि डेढ लाख रूपैयाँ खर्च गरिएको हुन्छ तर त्यसको प्रतिफलमा भने हामीले रूपैयाँतर्फ झर्नुपर्ने देखिन्छ । किनेर हेर्ने र सुन्ने चलन हराइसकेको अवस्था छ । किनकी डिजिटल प्रविधिले गीतलाई सबैको हातहातमा पुर्‍याएको छ, जतिखेर मन लाग्छ त्यति नै बेला हेर्न र सुन्न सकिन्छ ।

गीत मनोरञ्जनको साधन हो, समाज परिवर्तनको सम्वाहक पनि हो । तर समयअनुकूलका गीत सिर्जना भने गर्नु जरूरी देखिन्छ । समाज र समय अनुसार गीतको परिवेशलाई बुझाउन सक्नुपर्छ । गीत सदाबहार बन्नुपर्छ, जनजिब्रोमा झुण्डिने हुनुपर्छ बल्ल गीतले अर्थ राख्छ । तर आजभोली गीत सिर्जना हुन्छ कति गीत सुन्न नपाउँदै मृत्युवरण गर्छन् । कति पारिवारिक रूपमा सुन्न र हेर्न नहुने हुन्छ भने कति गीत गीतका लागि मात्र सिर्जना गरिएका हुन्छन् । आधुनिक होस् वा लोक, पप होस् वा चलचित्र जे भए पनि हाम्रो समाजले मागेको गीत बन्नुपर्छ तर यहाँ समाजविपरीत गीत बन्न थाले । लोकले नपचाउने गीतलाई लोकगीत भनिन थालियो । जसले गर्दा लोकको पहिचान पनि हराउँदै गयो । अब मौलिकताको त्यहाँ प्रश्न नै आउँदैन । परपरम्परागत समाजको संस्कृति झल्किनु भनेको नै आफ्नो मौलिकता हो तर मौलिकताका नाममा विकृति ल्याउनु मौलिकता होइन ।

पूर्वको हाक्पारेदेखि सुदूरको देउडा, पश्चिमका सालैजो, कौडा, घाटु, सोरठी, मध्यपश्चिमको टप्पा हाम्रै संस्कृति हुन् । ती संस्कृतिलाई समाज परिवर्तनसँगै चिनाउनुपर्ने पनि हाम्रो कर्तव्य हो । आफ्नो जन्मभूमिको कर्तव्यबोध गर्न सकियो भने मात्रै लोकले सम्मान गर्न सक्छ । तर हामी लोक गाउँदा 'लोके' भइन्छ भन्ने अर्थमा पाश्चात्य शैलीमा लोकलाई परिवर्तन गर्नेतर्फ लाग्यौं । आखिरमा हामीले आधुनिक गाउँदा होस् वा पप लोकशैलीले नै महत्व राखेको छ । जहाँ लोकपन झल्किएको छ त्यो गीतले सदाबहार रूप लिने गर्छ । अझ हामीले हाम्रो अधिकारका बारेमा त बुझ्न सकेकै छैनौं । आफ्नै संस्कृति राम्रोसँग नबुझेका हामी कलाकारले बौद्धिक अधिकार वा प्रतिलिपी अधिकारका बारेमा कहिले बुझ्न सक्छौं सोचनीय बनेको छ हो ।


एमपी सुब्बा

# 'भगवान भरोसा' मा नेपाली गीतसंगीत

कस्तो गीतसंगीत श्रोता तथा दर्शक रूचाउँछन् ? ठ्याक्कै थाहा हुने भए एउटै गीतले गायक, गायिका तथा संगीकार चम्किने थिए । तर, यहाँ 'भगवान भरोसा' भनेझैं सयौंमा एकगीत 'हिट' हुन्छ अनि त्यसपछि फेरि संगीतकर्मी भन्छन्, 'अब यस्तै गीत बनाउँनु पर्‍यो' ।

यो भनेको पनि दर्शक एवं श्रोताको मनोभाव नबुझ्नु हो । श्रोता तथा दर्शकको मनोभाव समयअनुसार बदलिरहन्छ । त्यसैले यो वर्ष 'हिट' भएको गीतसंगीत अर्को वर्ष श्रोताले नरूचाउन पनि सक्छन् । प्रशंग यहाँ केही गीतको हो, जसलाई श्रोता तथा दर्शकले गएको छ । र, चलचित्र 'विर बिक्रम' को 'टलटल टल्क्यो' त्यस्तैगरी यु-ट्युबमा टल्किँदैछ । यो गीत ताराप्रकाश लिम्बूको संगीतमा गायक राजेशपायल राई र गायिका अनिला राईले गाएका हुन् । सम्भतः यो गीत यसरी हिट होला भनेर सयं संगीतकार, गायक/गायिका र चलचित्रका निर्देशक मिलम चाम्सलेपनि सोचेका थिएनन् । यदि सोच्दो हो त गीत चलचित्र प्रमोसनका लागि अगाडि ल्याइन्थ्यो । तर, त्यसो गरिएन । अहिले यहि गीत श्रोता तथा दर्शकमाझ लोकप्रिय भइरहेको छ । यस गीतको दर्शक यु-ट्युबमा दैनिक १० हजारका दरले

**गायिका अञ्जु पन्तले गाएको यस गीतसँगै अर्को गीत आयो चलचित्र 'नाई नभन्नु-४' को 'कम्मरमाथि पटुकी' । यसै गीतले गायिका मेलिना राईलाई देश-विदेशमा चिनायो भन्दा फरक पर्दैन । यो गीत अहिलेसम्म यु-ट्युबमा करिब ५० लाखले हेरिसकेका छन् ।**



अप्रत्यासित रूपमा रूचाए । आफ्ना गीत अप्रत्यासित 'हिट' अर्थात् श्रोताले रूचाइदिँदा त्यसका गायक/गायिका, संगीतकार अर्थात् चलचित्रका निर्माता भने दंग छन् । भन्छन्, 'यसरी हिट होला, श्रोता एवं दर्शकले रूचाउला भन्ने त सोचेकै थिएन ।'

एकताका चलचित्र 'रेशम फिलिलि' को 'पिरतीको छाता ओढौला' श्रोतामाझ 'भाइरल' नै बन्यो । यो गीत तथा चलचित्र आएको करिब तीन वर्ष बित्न लाग्यो । तर, अहिले पनि उक्त गीतको चर्चा सेलाएको छैन । कालीप्रसाद रिजालको स्वर तथा संगीतकार रहेको उक्त गीतको भिडियो दर्जनौ डुब्लिकेट भर्सनहरू यु-ट्युबमा आए । त्यस्तै, गएको वर्ष चलचित्र 'वडा नं. ६' को 'सुर्केली थैली' पनि त्यस्तै हिट भयो । यस गीतले अहिले पनि संगीत बजारमा राम्रै स्थान ओगटेको छ । गायिका अञ्जु पन्तले गाएको यस गीतसँगै अर्को गीत आयो चलचित्र 'नाई नभन्नु-४' को 'कम्मरमाथि पटुकी' । यसै गीतले गायिका मेलिना राईलाई देश-विदेशमा चिनायो भन्दा फरक पर्दैन । यो गीत अहिलेसम्म यु-ट्युबमा करिब ५० लाखले हेरिसकेका छन् । यो त केही उदाहरण मात्र हुन् । जसले अप्रत्यासित रूपमा चलचित्रका निर्माता तथा संगीतकार र गायक/गायिकालाई अचम्मित पारे । र, आफ्नो भाग्य चम्काए ।

यस्तै, पछिल्लो गीत अर्थात् यसै वर्षको कुरा गरौं । यो वर्ष पनि केही गीत अप्रत्यासित रूपमा चर्चा बटुलिरहेका छन् । यतिखेर चलचित्र 'पुरानो डुंगा' को 'निर जहिले रिसाउँने' र 'बिर विक्रम' को 'टलटल टल्क्यो' बोलको गीत यु-ट्युबमा चर्चित बनेको छ । चलचित्र 'पुरानो डुंगा' त रिलिज नै भाको छैन । यो चलचित्र यही १० मंसिरमा रिलिज हुँदैछ । तर, गीत दर्शक तथा श्रोतामाझ 'भाइरल' बन्दै बढिरहेका छन् । यो गीत चलचित्र 'बिर बिक्रम' रिलिज भइसकेपछि करिब दुई महिनाअघि मात्र यु-ट्युबमा सार्वजनिक गरिएको हो । अहिलेसम्म (यो समाचार तयारगर्दासम्म) यु-ट्युबमा १० लाख २० हजार पटकभन्दा धेरै हेरिसकिएको छ । यो रेकर्ड औसतमा हेर्दा वर्षका उत्कृष्ट १० गीतमध्ये एक हो । गीत 'हिट' भएपछि त्यसका सर्जकले चर्चा पाउनु स्वभाविक हो । अहिले गायिका अनिला राईका लागि यही भएको छ । एक दशक यता बेलायतमा बसेर नेपाली गीतसंगीतलाई निरन्तरता दिँदै आएका अनिलालाई 'टलटल टल्क्यो'प्रति प्रतिक्रिया स्वरूप सयौ कमेन्ट आउने गरेका छन् । 'मलाई फेसबुकलगायतका सामाजिक सञ्जालमा दैनिक सयौं प्रतिक्रियाहरू आइरहेका छन्' उनले भनिन्, 'गीत हिट हुँदा साह्रै खुसी छु ।' हालैमात्र आफ्नो पछिल्लो एल्बम 'स्वरांकन' का तीन भिडियो यु-ट्युबमा सार्वजनिक गरेकी अनिलाले भनिन्, 'अब यस्तै लोकशैलीका मौलिक गीत गाउने सोच छ ।'

गायिका अनिलालाई मात्र होइन, जुन-जुन गीत हिट भए ती गीतको सर्जकहरू त्यस्तै किसिमका गीत गाउने सोचमा छन् । यसरी गाइएका केही गीत हिट पनि भएका छन् । 'रेशम फिलिलि' को 'पिरतीको छाता ओढौला हिट भएपछि कालिप्रसाद बास्कोटाले 'पुरानो डुंगा' मा झण्डै त्यस्तै गीत बनाए, 'निर जहिले रिसाउँन ।' उक्त गीत पनि हिट बन्यो । तर, सबै 'निर जहिले रिसाउने'जस्तो नहुनुसक्छ । त्यसैले आफूले गीत गाउन र बनाउनुभन्दा पहिले एकपटक सोचेर गर्दा राम्रो हुन्छ । जुन, 'निर रिसाउने', 'सुर्केथैली', 'पिरतीको छाता ओढौला', 'टलटल टल्क्यो' र 'कम्मरमाथि' जस्ता गीत बनोस् ।



# सदाबहार अन्जु

**सबिता पोखरेल**
म्यूजिक खबर

गायिका अन्जु पन्त नेपाली सांगीतिक क्षेत्रमा सदाबहार गायिकाको रूपमा छवि बनाइसकेकी गायिका हुन् । १९७७ सालमा जन्मिएकी गायिका पन्तले गायनको सुरूवात नै भजनबाट गरेकी हुन् । रेडियो नेपालले आयोजना गरेको अधिराज्यव्यापी गायन प्रतियोगिताबाट उत्कृष्ट बन्दै व्यवसायिक गायनतर्फ मोडिएकी उनले माइतीघर माइतीघर बोलको गीतबाट सांगीतिक क्षेत्रमा चर्चा बटुलेकीकी हुन् । जुन माइतीघर चलचित्रको गीत थियो त्यसमा उनले रिमेक गरेकी थिइन् । उनले उक्त गीत गाएपछि पुरानो चलचित्रमा आशा भोस्लेले गाएको उक्त गीतको मिठासभन्दा उनले गाएको माइतीघरलाई धेरैले मन पराएपछि एकाएक उनको स्वरको पनि प्रशंसा हुन थाल्यो । कम्पन नामक एल्बम बजारमा ल्याएपछि गायिका अन्जु पन्तले निरन्तर रूपमा व्यवसायिक गायन अँगाल्न पुगिन् । भन्नैपर्दा उनलाई पछाडि फर्किएर हिंड्नुपर्ने अवस्था आइपरेन । कलेक्सन एल्बमहरू, चलचित्रको पार्श्व गायनमा उनको स्वरले एकलौटी राज गर्दै आयो ।

गायिका अन्जु पन्तको यात्रा महिला गायनको प्रतिनिधित्व गर्दै आगाडि बढिरह्यो । उनको गायनले लगभग आधा दशक पार गर्दै गर्दा उनले फेरी आफ्ना श्रीमान मनोजराजसँग संयुक्त रूपमा एल्बम कोशेढुंगा लिएर बजारमा आइन् । उनको कोशेढुंगा वास्तविकतामा नै कोशेढुंगा त बन्नुपर्ने थियो, तर विछोडको कोशेढुंगा बन्यो । जुनबेला अन्जु पन्तको गायनमा एकलौटी चलिरहेको थियो त्यही बेला उनीहरूको सम्बन्धमा विछोडको चर्चा चल्दा गायिका पन्तमाथि ठूलो नोक्सानी मिल्यो भन्दा फरक पर्दैन । त्यसपछि करिब एक वर्षभन्दा बढी गायिका पन्त पारिवारिक तनावकै कारण गायनको दुनियाँबाट हराउन पुगिन् ।

त्यतिबेला नेपाली सांगीतिक जगतमा महिला गायनको लागि उनको पछाडि अन्जना गुरूङ थिइन् तर उनी पनि आफ्नो गायनसँगसँगै परिवारसहित अमेरिकातर्फ लागिन् । जतिबेला गायिका अन्जनाको काली सुन्दरी, बदनाम भएँ मजस्ता गीतहरू चर्चामा थिए । उनी अमेरिकातर्फ लागेपछि महिला स्वरको नेपाली सांगीतिक जगतले आशा गरेजस्तो गायिका पाउन सकेको थिएन । तर माण्डवी त्रिपाठी, रजिना रिमाल, मिलन अमात्यहरूको आगमन भयो । हुन त माण्डवी त्रिपाठी भने पहिलादेखि नै लोकदोहोरी, चलचित्र, आधुनिक गायनमा निरन्तर थिइन् तर चर्चा पाउन त्यति सकेको अवस्था थिएन । त्यस्तै गायिका सिन्धु मल्ल पनि थिइन् तर लोकदोहोरीमा मात्र उनको चर्चा देखिन्थ्यो । तर व्यवसायिक रूपमा भने कसैले पनि आधुनिक एवं पार्श्व गायनमा स्थान लिन सकेका थिएनन् ।

एकाएक पारिवारिक सम्बन्ध विच्छेदका कारण हराएकी अन्जु पन्त पुनः नेपाली गायनमा फर्किइन् । एक दुईवटा गीतहरू गर्दै उनको गायनको यात्रा के सुरू भएको थियो त्यति नै बेला फेरी उनले हिन्दू धर्म विरोधी गीत नगाउने भन्ने अफवाह फैलिन थाल्यो । उनी क्रिश्चयन बनेपछि दसैंको दुर्गा माता भन्ने गीत गाउने क्रममा उनले उक्त शब्द नगाउने भनेको हल्लाले उनको सांगीतिक छविमाथि नै प्रहार हुन थाल्यो । त्यतिखेर उनले चाहेर वा नचाहेर गल्ती गरिन् वा कसैले उनीमाथि त्यो घटनालाई अगाडि बढायो भन्ने कुरा एकातिर चर्चामा रह्यो तर उनले त्यसलाई सामना गर्दै 'मलाई आरोप लगाइएको हो यो सत्यता होइन' भन्ने कुरा गरिन् । त्यसपछि घटनाहरू सेलाउँदै गयो अन्ततः अन्जु पन्त फेरी नेपाली सांगीतिक जगतकी एउटी समधुर स्वरकी धनी भएकी गायिकाकै पदचाप पछ्याउँदै अगाडि बढिरहिन् ।

होला अन्जु पन्तका स्वरमा सजिएका उनकै लगानीको एल्बम भने बजारमा भेट्न पाइँदैन । उनको एकल एल्बमका कम्पनलाई रूपमा रेबल क्रियशनले बजारमा ल्याइदिएको थियो भने कोशेढुंगा उनीहरूको लगानीमा बजारमा आएको थियो । त्यसपछि गायिका अन्जुको आफ्नै लगानीको गीतको एल्बम भने स्रोताहरूले पाउने छैनन् अर्थात् उनको नामकै एल्बम कसैको लाइबेरीमा भेटिने छैन । तर पनि उनका कालजयी स्वर भएका एलबमहरू भने सांगीतिक जगतको एउटा लाइबेरी नै बनेको छ । हजारौं गीतमा स्वर दिएकी गायिका अन्जु पन्तले गाएका गीतहरू व्यवसायिक बन्न पनि सफल भएका छन् । माइतीघर होस् वा तिम्ले पराई ठानेपछि होस् वा म तिमीबिना मरिहाल्छु, नबिर्से तिमीलाई नपाएँ तिमीलाई नै किन नहोस् सबै कालजयी गीत हुन् । शक्ति बल्लभ, दीपक जंगमदेखि पछिल्लो पुस्ताका सन्तोष श्रेष्ठ, अर्जुन पोखरेल, हरि लम्साल, वसन्त सापकोटा, महेश खड्का जस्ता हस्तीहरूको संगीतमा स्वर दिइसकेकी गायिका अन्जुको पछिल्लो समय विकल्पमा कोही देखिँदैन । अर्थात् अहिले पनि उनको एकलौटी भएको छ सांगीतिक क्षेत्र । हुन त महिला गायनमा माण्डवी त्रिपाठी, मिलन अमात्य, रजिना रिमाल, अन्जना गुरूङ पनि निरन्तर गायनमा नै छन् तर पनि उनको जस्तो गायकी भने संगीत क्षेत्रले पाउन सकेको छैन । त्यसैले उनी सदाबहार गायिका हुन् भन्दा फरक पर्दैन । उनका सबै गायनले सदाबहार रूप लिइरहेका नै छन् ।



**प्रस्तोता समाज नेपालको अनुरोध**

गायक, गायिका एवम् प्रस्तोताहरुको रोयल्टी संकलन तथा वितरण कार्यलाई व्यवस्थित बनाउनका लागि विश्व बौद्धिक सम्पत्ति संगठन (WIPO) बाट उपलब्ध WIPOCOS Software यस सामाजले कार्यान्वयनमा ल्याइसकेको हुँदा सम्पूर्ण गायक, गायिका एवम् प्रस्तोताहरुलाई आफ्नो प्रस्तुतिको सम्पूर्ण विवरण यस समाजको कार्यालयमा उपलब्ध गराउन तथा रोयल्टी संकलन गर्नका लागि यस समाजसँग सम्झौता गर्न अनिवार्य भएकोले यस समाजको सदस्यता लिन, नविकरण गराउन तथा सम्झौता गर्न बाँकी रहनुभएका गायक, गायिका एवम् प्रस्तोता सदस्यहरुलाई यथासक्य छिटो सदस्यता सम्बन्धी सम्पूर्ण प्रक्रिय पूरा गरिदिनुहुन सूचित गरिन्छ ।

**प्रस्तोता समाज नेपाल**
PERFORMERS SOCIETY OF NEPAL
(PSN)

अनामनगर, काठमाडौं,
फोनः ०१-४२४५७४२
इमेलः performersnepal@hotmail.com
वेभः www.performersnepal.org.np

# रहरै रहरमा गायिका



गायिका दुर्गा गुरूङ, लोकदोहोरीको क्षेत्रमा चलेको नाम हो । कुनैबेलाका चर्चित गीत भयो भेट कोहलपुरैमा, यो दाजुको मिरमिरे आँखा, बटौलीमा झरौंला जस्ता दर्जनौं गीतमा उनकै सुन्न पाइन्थ्यो । २०५१ सालमा नगरपालिकाको आयोजनामा बुटवलमा भएको दोहोरी गीत प्रतियोगिता नै गायिका गुरूको पहिलो गायनको यात्रा थियो ।

हुन त गाउँमा हुने पूजाआजा, विहे, मेला पर्व, स्कुलमा हुने प्रतियोगितामा पनि उनको गायकी सुन्न पाइन्थ्यो । तर सार्वजनिक रूपमा लोकदोहोरी गीत प्रतियोगिताबाट गायिका बनेकी गुरूङले आफूलाई गायनमा प्रवेश गराइन् । सोही प्रतियोगितामा प्रथम भएपछि उनी काठमाडौं आएर गीतसंगीतमा लाग्ने अवसर पाइन् । बुटवलबाट गायक बलराम पुनसँगै काठमाडौं छिरेकी उनको भेट गायक कृष्ण गुरूङ र युक्त गुरूङसँग भयो । कृष्णकै मार्गनिर्देशनमा उनले लोकदोहोरी गायनलाई अगाडि बढाएकी हुन् । उनलाई काठमाडौंमा रहँदा गायिका बालुमाया पुन र शान्ति गुरूङको पनि उत्तिकै साथ र सहयोग मिलेको थियो ।

२०२५ सालमा स्याङ्जा माझकोट ५ रानीश्वारामा जन्मिएकी उनी नेपालको पहिलो दोहोरी साँझ गायिका पनि हुन् । दोहोरी साँझ पुकार दोहोरीमा गायिकाको रूपमा काम गर्दा गर्दै लोकदोहोरी गीतबाट पहिलोपटक उनले विदेश (कतार)मा जाने अवसर पाइन् । पहिलोपटक लोकदोहोरीबाट विदेश जाने समूहमा उनका अलवा नारायण रायमाझी, अमर विरही गुरूङ, दीपकराज गिरी, पप्पु पुनलगायत थिए । विदेशमा संचालन भएको पहिलो दोहोरी साँझमा पनि उनी पुगिन् । २००६ मा यूएईमा पहिलोपटक दोहोरी संचालन भएको 'नेपाली कल्चर' दोहोरी साँझ पनि उनले नै उद्घाटन गर्ने अवसर पाइन् । पाकिस्तानीले खोलेको उक्त नेपाली कल्चर पछि आएर दोहोरी साँझ बनेको थियो ।

२०५४ मा खुलेको पुकार दोहोरी साँझ नेपालमा पहिलोपटक संचालन गरिएको थियो । तत्कालिन दोहोरी साँझ र अहिलेको दोहोरी साँझबीचको अन्तर आकाश पातलको फरक भएको छ, दुर्गाले भनिन् । त्यतिबेला दोहोरी साँझमा कलाकारसँग कसैको टच हुन्थेन, गेष्टसँग भेट नै हुन्थेन, स्टेज छिरेपछि स्टेजबाटै घर आइपुगिन्थ्यो, दुर्गाले आफ्नो अनुभव सुनाइन् – 'कलाकारलाई सम्मान गरिन्थ्यो । बसेर गाइन्थ्यो, बिचमा १५ मिने ग्याप हुन्थ्यो । तर अहिले कलाकार गेष्टको टेबलमा गएन भने ग्राहक भड् किने अवस्था छ । सम्मानको संस्कार हराउँदै गएको छ ।' पुकार दोहोरी साँझमा गायक बद्री पराजुली, गायिका सिता थापा, लक्ष्मी हमाल दुर्गासँगै काम गर्थे । सबैभन्दा बढी तलब १६०० दुर्गाले लिन्थिन् । त्यतिबेला तलबभन्दा टिप्स धेरै आउँथ्यो ।

त्यसबेला दुर्गाको प्रतिस्पर्धा गायक कृष्णसुधा ढुंगाना, अबर विरही गुरूङ, गायिकाहरू भीमा सुवेदी, कोमल वली, मिरा राना, शिवा आलो लगायतसँग हुने गथ्यो । काठमाडौंमा आएपछि भएको राष्ट्रिय लोकदोहोरी प्रतियोगितामा द्वितीय स्थान हासिल गरेपछि उनको यात्राले अझ मजबुत बाटो अपनायो । उनले रेडियो नेपालले आयोजना गर्ने फूलबारी कार्यक्रम, लोकगीत प्रतियोगितामा पनि भाग लिएर प्रथम र द्वितीय स्थान हासिल गरेकी थिइन् । त्यस्तै लोकबहादुर क्षेत्रीको स्मृतिमा हुने लोकगीत प्रतियोगिता लगायत मुलुकमा हुने दर्जनौं प्रतिस्पर्धात्मक कार्यक्रममा उनको उपस्थिति हुने गर्थ्यो ।

प्रतियोगितामा हिंड्दा खान बस्न आफ्नै खर्च हुन्थ्यो तर पहिलो पुरस्कार ५००० नगद राशिको हुन्थ्यो । त्यसले खर्च पुग्दैनथ्यो । यसै त महिलालाई तत्कालिन समयमा गीत गाएर हिंड्न गाह्रै थियो भने सबै आफ्नो खर्चमा

**रहरै रहरले दोहोरी गाउन थालेकी गायिका दुर्गा पहिला दोहोरीमा लागेपछि गल्ती गरियो कि भन्ने महसुस गरेपनि पछि देशविदेशमा हुने कार्यक्रममा भाग लिँदै गएपछि आउने राम्रो पारिश्रमिक र सम्मानले सन्तुष्टि मिलेको थियो।**

हिंड्नुपर्दा खर्च अभावसमेत हुन्थ्यो । सबैभन्दा धेरै दशैं तिहारको अवसरमा भृकुटी मण्डपमा दोहोरी गीत प्रतियोगिता हुने गर्थ्यो जसमा बद्री पराजुली र म धेरैपटक प्रथम भएका छौं, उनले आफ्नो अनुभवन सुनाइन् ।

गायिका दुर्गाले गाएको पहिलो भाषाभाषीको गीत 'रामरानी ङोल्स्यो' हो । जुन फिल्म पातेका लागि थियो । नेपाली भाषामा भने उनले गायक बलराम पुनसँग 'पर्ख सँगै जाऊँ' लोकदोहोरी एल्बममा गाएकी थिइन् । लोकदोहोरीको पहिलो भीसीडी बटौलीमा झरौंला तिनाउ खोला सँगै तरौंलामा पनि उनकै आवाज थियो । रेडियो नेपालबाट २०५३ स्वर परीक्षा पास गरेकी गायिका दुर्गाले स्याङ्जा डाँडा घुम्तीमा पहिरो छ, अहिलेको स्याउली पलाइछ लगायत देउडा, सोरठी, घाटु, कौडा, सालैजो जस्ता करिब १५ सयदेखि दुई हजारको हाराहारीमा गीत गाइसकेकी छिन् । उनलाई चिनाएको गीत भने एल्बम शिरफूल, स्याङ्जा डाँडा वन नै हो । चर्चाका हिसाबले अन्य धेरै गीत छन् । उनले मनकी रानी र अजम्बरी माया लोकपप गीतमा पनि स्वर दिएकी छिन् भने चर्चित गीत यो दाजुको मिरमिरे आँखा रेडियो नेपालमा पाण्डव सुनुवार, युक्त गुरूङ, लक्ष्मी न्यौपानेसँगै उनले पनि गाएकी छन् । पछि प्रविण गुरूङले एल्बममा त्यही गीतलाई गाएर राखेका थिए ।

रहरै रहरले दोहोरी गाउन थालेकी गायिका दुर्गा पहिला दोहोरीमा लागेपछि गल्ती गरियो कि भन्ने महसुस गरेपनि पछि देशविदेशमा हुने कार्यक्रममा भाग लिँदै गएपछि आउने राम्रो पारिश्रमिक र सम्मानले सन्तुष्टि मिलेको बताउँछिन् । तर सार्क सम्मेलनको अवसरमा भारतमा भएको कार्यक्रममा सहभागी हुन जाँदाको क्षण भने उनका लागि दुःखदायी नै बन्यो । अभिनेता दिलिप रायमाझी, दिया मास्के, इन्दिरा गुरूङ, नारायण रायमाझी, अम्बर विरही गुरूङसँगै कार्यक्रममा गएको बेला गाउँमा 'दुर्गा गाडिको छतबाट खसेर मृत्यु भएको खबर सुनाइएछ । घरबाट मेरो डेरामा फोन गर्दा कार्यक्रममा गएको घर नभएको थाहा पाएपछि गाउँमा झण्डै मेरो काजक्रिया गरिएको थियो ।' वास्तवमा झण्डै म पनि त्यस्तै भएको थिएँ उनले भनिन् – 'जाडोको समय कोइला बालेर कोठामा सुत्दा अक्सिजनको कमी भएर म विरामी नै परेको थियो । पछि काठमाडौं फर्केपछि गाउँमा जान पनि अप्ठ्यारो लाग्यो मरेकी मान्छे आइ भन्छन् कि जस्तो लाग्यो ।' तर उनको सबैभन्दा खुशीको क्षण भने बुटवलको प्रतियोगिता जितेपछि मिलेको थियो । पहिला स्टेजमा गाउँदा डर लागेको थियो, ओठ कामेको थ्यो गाउन सक्दिनकी जस्तो लागेको थियो तर जितेपछि त्योभन्दा खुशी केही मिलेन, दुर्गाले सुनाइन् ।

पुराना दिनको याद गर्दा उनलाई धेरै कुराहरूले झस्काउँछ । पहिला १५ हजारमा क्यासेट तयारी हुन्थ्यो, ४० हजारमा बेच्दा ठूलो कमाइ भएको आभास हुन्थ्यो । अहिले लाख खर्च हुन्छ कमाई चारआना पनि देखिँदैन । गायिका लक्ष्मी न्यौपानेसँग गाएको शीरफूल एल्बमको गीत 'टिकाया है मेरो टलल टलल टलिकनलाई, जोवन है मेरो ढल ढल ढलिकनलाई' निकै चर्चा पाएको थियो । तिजको वास्तविकतामा भएको यस गीत अहिले पनि उत्तिकै बज्छ । तर यस गीतलाई चलचित्रमा राखियो उनीहरूको नामनिशाना केही पनि रहेन ।

२०५८ सालको भदौमा संगीतकार सुरेश अधिकारीले चलचित्रमा राख्ने प्रस्ताव गर्नु भयो तर सोही गीत गाउन लक्ष्मी र मैले गाउने सर्त थियो । तर पछि आशा भोस्लेलाई गाउन लगाएर शब्द र संगीतमा पनि आफ्नै नाम राख्नुभयो हाम्रो नामनिशाना मेटियो, दुर्गाले गुनासो गरिन् । लय र शब्द लक्ष्मी न्यौपाने र मैले गरेको गीतलाई सुरेश अधिकारीले संगीत गर्दा अन्तरामा अलिकति मोड्नुभयो र आफ्नै नाम राख्नुभयो हाम्रो नाम नामेट पारिदिनुभयो । यो देख्दा उहाँजस्तो चर्चित र संगीत बुझेको मान्छेले यस्तो गर्दा निकै दुःखी भयौं दुर्गाले संगीतमा पाएको पीडा सुनाइन् । हामी सँगै बस्नुहुन्थ्यो चलचित्रमा गीत राख्ने कुराले खुशी भयौं तर त्यो खुशी क्षणभरमै दुःखमा परिणत भयो दुर्गाले भनिन् । उक्त गीतलाई नेपाल टेलिभिजनले भिडियोसमेत तयार पारिदिएको छ ।

दुर्गा गुरूङ तत्कालिन समयमा राज वीरेन्द्रको परिवारलाई आफ्नो सांगीतिक प्रस्तुति दिने टोलीमा पर्छिन् । दरबारमा केटा केटी भएर नाच्नुपर्ने हुन्थ्यो । गायिका लोचन भट्टराई, कोमल वली, खर्क बहादुर बुढासँगै उनले दरबारभित्र ९ वर्ष सांगीतिक प्रस्तुति दिइन् । अहिलेसम्म निरन्तर गायनमै समर्पित हुँदै आएकी गायिका दुर्गाले हङकङ, युके, जापान, जर्मन, कोरिया लगायत दर्जनौं देशको सांगीतिक प्रस्तुति दिइसकेकी छन् । उनले अहिले भने पोखराको चिप्लेढुंगामा गाउँशहर दोहोरी साँझ संचालन गर्दै आएकी छिन् । ३५ जना भन्दा बढीलाई रोजगारी दिएर बसेकी गायिका दुर्गा अहिले भने झोरा, घाटु जस्ता गीतहरू निर्माणको क्रममा छिन् ।

HD हिम सम्झौता डिजिटलको प्रस्तुति
धौलागिरीमा
लोकदोहोरी गीत
स्वरः दिपसागर थापा र सुनिला गुरुङ
शब्दः राजेन्द्र सुवेदी
संगीतः दीपसागर थापा
बजारमा उपलब्ध छ



२०७३ कार्तिक १५ देखि ३० सम्म
म्यूजिक खबर
पाक्षिक

# निशा पोमु, मोडल

तस्वीरः शिवलाल श्रेष्ठ
तस्वीर स्टुडियो, बागबजार



पछिल्लो समय म्युजिक भिडियोमा चम्किएकी मोडल हुन् निशा पोमु । 'मिस लिम्बू' को पहिलो संस्करणमा सहभागी भएपछि मोडलिङमा होमिएकी निशा विशेषतः नृत्यमा रूचि राख्छिन्। उनी भन्छिन्, 'विभन्न स्टेज कार्यक्रममा नृत्य गर्नु मेरो रूचि हो ।' एक दर्जनभन्दा बढी म्युजिक भिडियोमा मोडलिङ गरिसकेकी निशाले चाँडै नेपाली चलचित्रमा पनि डेब्यु गर्दैछिन् । लिम्बू भाषाका गीतको म्युजिक भिडियोमा मोडलिङ गरेर ग्ल्यामरस क्षेत्रमा करिअर सुरू गरेकी निशाले भनिन्, 'मेरो उद्देश्य भनेको नेपाली चलचित्र र मोडलिङमा करिअर बनाउनु हो् ।'

म्यूजिक खबर
पाक्षिक



# चलचित्रमा पञ्चेबाजा

उमेरको कुरा नगरौं पञ्चेबाजा बजाउनका लागि मनले आँटे पुग्छ । ४० नकटेपछि पञ्चेबाजा बजाउने उमेर भर्खरै भएजस्तो लाग्छ । त्यसैले पनि होला संगीतकार सन्तोष श्रेष्ठले अब बल्ल पञ्चेबाजा बजाउँदैछन् । कार्तिक सकिँदो मंसिर लाग्दो बेलामा यसरी पञ्चेबाजा बजाउन लाग्दा कुनै नौलो कुरा पनि भएन क्यारे तर विचार गर्नुपर्ने भने अवश्य देखिन्छ ।

वास्तविकतामा संगीतकार श्रेष्ठले पञ्चेबाजा बजाएर अर्को विहे भने गर्न लागेका होइनन् उनले त चलचित्र 'प्रेम रक्षक'को लागि 'पञ्चे बाजा घन्काउँदै' वोलको पञ्चे बाजाको गीत तयार गरेका मात्र हुन् ।

सुगम संगीतमा चर्चाको शिखरमा रहेका संगीतकार सन्तोष श्रेष्ठले चलचित्र संगीतमा भने नयाँ प्रयोग गरेका हुन् । यो गीतमा पाश्चात्य, भारतीय र नेपाली बाजाहरूको



मिश्रण गरेर नौलो धुन बनाएका छन् । गीतमा पञ्चेबाजाले अलि धेरै महत्व पाएको छ । पञ्चे बाजालाई प्रयोग गरेर दर्शक स्रोतालाई मनोरञ्जन दिने गरी तयार पारिएको गीत हो यो' संगीतकार श्रेष्ठले भने 'गीत बज्यो भने दर्शक स्रोतालाई नाँचुनाँचु लाग्ने गरेर बनाइएको छ ।' पञ्चे बाजा लगायतका बाद्यवादनका मिश्रण र फ्युजनले गीत अत्यन्तै चट्किलो र सुन्दर बनाएको उनको दाबी छ ।

'प्रेम रक्षक' अभिनेता गणेश बेलवासेले बनाउन लागेको दोस्रो चलचित्र हो । यस अगाडी गणेशले 'उहीले बाजेको पालामा' निर्माण गरेका थिए । चलचित्रका अधिकांस गीतहरू रेकर्ड भइसकेका छन् । पञ्चे बाजालाई गीतसंगीतमा राख्ने चलन हराउँदै गइरहेका बेला निर्माता बेलवासे र संगीतकार श्रेष्ठले जोखिम मोलेर आफ्नो गीतमा पञ्चे बाजालाई फ्युजन गरी समावेश गरेका हुन् ।

'पहिला जस्तो छैन', संगीतकार श्रेष्ठले थपे, 'पञ्चे बाजा राखेर पनि गीत राम्रो बनान सकिन्छ भन्ने सन्देश दिन पनि यो जोखिम मोलिएको हो ।' निर्माता बेलवासेले पनि 'प्रेम रक्षक' चलचित्रमा पञ्चेबाजालाई पनि नयाँ पुस्ताले थाहा पाओस् भनेर राखिएको बताए । गीतमा गायिका सुरूची पन्थी र गायक भुपु पाण्डेको स्वर रहेको छ ।




1. Hamro Maya (xfd[]dfof)
Vocal : Mandev & Anju Panta
Lyrics: Minsagar Lama

2. Bhulaun Bhulaun (e'nf}e'nf}+
Vocal : Mandev & Sanjivani
Lyrics: Kiran Kharel

3.Jhyappai (emofKk}+
Vocal : Mandev & Anuradha Poudwal
Lyrics: Dr. Bhola Rijal

4. Firta lina (lkmtf{lng)
Vocal : Mandev
Lyrics : Dr.Navaraj Lamsal

5. Sable Malai ( ;an]dnf0{
Vocal : Mandev
Lyrics : Lokraj Adhikari

6. Chhal Jastai (5fn h:t}
Vocal : Mandev
Lyrics : Adarsha Sushil

7. Milan Pachiko (ldng kl5sf]
Vocal : Mandev & Sumina Lo
Lyrics/Music: Dinesh Gagmer

ahf/df pknAw 5

Marketed By: VIBES CREATION
Putalisadak, Kathmandu Nepal
Phone: 01-4222971 Cell:9851092688
www.vibesdigital.com



# "दाम र नाम दुबै नभएपछि बाँच्न धौ भयो"

**चलचित्र क्षेत्रमा धेरै काम गरियो दामको आस गरिएन तर, पछि दाम र नाम दुबै नभएपछि काठमाडौंको ठाँउमा बाँच्न धौ–धौ भयो । मेरो पेशा परिवारलाई मन नपरेकोले मलाई बिस्तारै घरबाट खर्च पठाउन रोकियो । परिवारको चाहना नृत्य क्षेत्रमा नलागि राम्रो पढेर भरपर्दो जागिर खाओस् भन्ने चाहना थियो । तर उनलाई कलाकारिताको भूत चढेको थियो ।**

**दिनेश थापा/म्यूजिकखबर**

गीतसंगीत तथा मनोरञ्जनात्मक क्षेत्र कस्लाई मन पर्दैन र ? गीतसंगीत मनोरञ्जनात्मक कुरा मात्र होईन यस्ले वास्तविक मनको याथार्थलाई पनि छुने गर्दछ । त्यो मध्यमा निर्देशक तथा कोरियोग्रफर जोगेन्द्र केसी पनि एक हुन् ।

२०३३ सालमा प्युठानको मरनठानमा जन्मिएका केसी सानो उमेरदेखि नै गीतसंगीत क्षेत्रमा रमाउने, नृत्य गर्ने गर्दथ्ये । बाबुको रोजगरीसँगै सुर्खेतमा प्रथामिक तहको अध्ययन गर्न पुगेका केसीले स्कुलमा प्रस्तुत गरेको नृत्य कलाकार तथा बाध्यबाधक प्रेमदेव गिरी, नृत्य निर्देशक फूलमान नेपाली, टेकराज भारतीलगायलको नजरमा परेपछि उनलाई उनीहरूकै प्रेरणाबाट नृत्यमा लाग्न पुगे ।

बाबुको  रोजगारीसँगै उनी केही समयपछि जन्मथलो फर्किन परेको कारणले उनले राष्ट्रिय कलाकारको नजरमा धेरै समय रहन पाएनन् । २०५० सालमा सुर्खेतबाट एसएलसी पास गरि आईए पढ्न र नृत्य सिक्नका लागि काठमाडौं  प्रवेश गरेका थिए । उनले आरआर क्याम्पसबाट आईए पास त गरे त्यसपछि उनको  पढाई त्यहिँबाट पूर्णविराम लागे जस्तै भयो । नृत्य सिक्ने दौडानमा उनले धेरै ठाँउ धाए । उनले 'नेशनल डान्स ट्रेडिङ सेन्टर', 'राज श्री डान्स ट्रेडिङ सेन्टर' लगायलका डान्स ट्रेडिङ सेन्टरहरूमा नृत्यका कक्षाहरू लिए ।

केसीले अभिनेत्री पूजा चन्द, अभिनेता शुशिल क्षेत्री, दिलिप रायमाभ्mी, रमेश उप्रेती, निर्देशक शंकर बिसी, बब्बु थापालगायलका  कलाकारहरूसँग सँगै नृत्यका कक्षा लिएका हुन् ।

स्व.वसन्तजंग रायमाभ्mीसँग 'यो मायाले लौन सतायो, परेली, अल्लारे'लगायत करिब एक दर्जन चलचित्रहरूको गीतमा सह नृत्य निर्देशकको रूपमा काम गरेका केसी भन्छन्, 'चलचित्र क्षेत्रमा धेरै काम गरियो दामको आस गरिएन तर, पछि दाम र नाम दुबै नभएपछि काठमाडौंको ठाँउमा बाँच्न धौ–धौ भयो । मेरो पेशा परिवारलाई मन नपरेकोले मलाई बिस्तारै घरबाट खर्च पठाउन रोकियो ।' परिवारको चाहना नृत्य क्षेत्रमा नलागि राम्रो पढेर भरपर्दो जागिर खाओस् भन्ने चाहना थियो । तर उनलाई कलाकारिताको भूत चढेको थियो ।'

२०५३ सालमा साधना कलाकेन्द्रद्वारा आयोजित 'राष्ट्रियव्यापी लोक नृत्य प्रतियोगीता'मा प्रथम भएका थिए । त्यसपछि पछाडि फर्केर हेर्न नपरेको र त्यसपछि मैले चलचित्रका पर्दा पछाडिको काम छाडेर बिस्तारै स्कुल, क्याम्पस, नृत्य सेन्टरतर्फ काम गर्न थाले र मेरो दैनिकी चलाएँ, केसीले भने । उनले करिब आधादर्जनभन्दा बढी संघ–संस्लथामा नृत्य प्रशिक्षाकको रूपमा काम गर्दै आएका छन् । उनको क्षमता नृत्यमा मात्र सिमित छैन उनी शब्द लेख्ने संगीत भर्ने पनि गर्छन् । उनले आफ्नो शब्द तथा संगीतमा दुई एल्वम् 'भयो भेट कोहलपुरैमा, जम्काभेट' बजारमा ल्यायका थिए । जसमा गायक नारायण रायमाभ्mी, गायक शिशिर योगी, जीवन थापा, गायिका लक्ष्मी, न्यौपाने, दुर्गा गुरूङ लगायतले स्वर भरेका छन् ।

उनी 'नेपाल लोक प्रतिष्ठान' संस्थाको अध्यक्ष पनि हुन् ।  २०६५ सालमा स्थापना भएको संस्थाले दुई/दुई बर्षको अन्तरालमा कार्यक्रम आयोजना गरी चौध अञ्चलका विभिन्न कला संस्कृतिलाई समेट्ने गरेको केसीले बताए । केसी सामाजिक कार्यमा पनि क्रियाशील रहेका छन् । 'आमा घर' जुन ललितपुरको गोदावारिस्थित रहेको छ । यस संस्थाले अनाथ बालबालिकाहरूलाई पालनपोषण तथा शिक्षा दिई संरक्षण गरिरहेको छ । जसमा केसीले हप्ताको एकदिन निःशुल्क नृत्य शिकाईरहेका छन् ।

# मनोरञ्जन क्षेत्रमा राईको सक्रियता

यस अघि फर्च्युन, माइ प्रमिश लगायतको चलचित्र निर्माण गर्नुका साथै अभिनय समेत गरेका रमेश चन्द्र राईले अब अर्को चलचित्र बनाउने तयारीमा जुटेका छन् । म्यूजिक भिडियोको निर्माण एवं अभिनयका साथै अभिनेता/ निर्माताका रूपमा आइरहेका रमेश चन्द्र राईले चलचित्रकर्ममा नै आफुलाई व्यस्त बनाउने क्रममा अब 'जीग्री' नामक चलचित्र बनाउन लागेको हुन् । अराज केशवले निर्देशन गर्ने यो चलचित्रको संगीतकार महेश खड्का र मोहीत मुनाल हुन् । हालै मात्र चलचित्रको गीत रेकर्ड गरिएको छ ।

रमेश चन्द्र राई गीत संगीत, चलचित्र एवं मोडलिङमा सक्रिय व्यक्ति हुन् । केहि अघि मात्र विदेशमा रहि नेपाली गीतसंगीत तथा चलचित्रको प्रवर्धनमा सक्रिय रहे वापत उनलाई म्यूजिक खवर अवार्ड तथा डि सिने अवार्डमा सम्मानित एवं पुरस्कृत गरीएको थियो । आरम्भ नामक गीती एल्वमबाट मोडलिङका साथै म्यूजिक भिडियो निर्माणमा आएका राईले यतिखेर पनि विभिन्न राष्ट्रिय गीतहरूको म्यूजिक भिडियो निर्माण गर्दै मोडलिङमा आएका छन् । साथै राईले फिरन्ते नामक टिभि रियालिटी शो पनि निर्माण गरिरहेका छन् । समग्रमा रमेश चन्द्र राईलाई यस क्षेत्रको प्याकेजका रूपमा प्रस्तुत गर्न सकिन्छ



# "मैले गाउन थालेपछि पैसाको वर्षा हुनथाल्यो"

**आवरणको खबर कस्तो छ ?**

एकदमै राम्रो छ । जतातत‌ैबाटै राम्रो रेस्पोन्स पाइरहेको छु । मिडिया र यूट्यूबको भ्यूअर्स हेर्दा धेरै राम्रो भएको पाएको छु । गीतहरू पनि फरक छन् । यसको शीर्ष गीत 'म लडेको' एकदमै राम्रो रेस्पोन्स बटुल्न सफल भएको छ । अन्य गीतहरू पनि चर्चा बटुल्ने क्रममा नै छन् भने म हुरीमा दियोले त इमेज अवार्डसमेत चुमिसकेको छ ।

**आवरणभित्रको कुन गीत बढी मन पर्छ ?**

म लडेको बोलको गीत नै बढी उचाइमा देखिन्छ । सबै गीत उत्तिकै छन् । तर पनि यस गीतमा लोदेखि शुरू भएर हाइसम्मको एउटा कम्पोजिसन बनेको छ जसलाई मैले साह्रै नै मेहनतका साथ गाएको छु । हरि लम्सालको कम्पोजमा मनिष बशिष्टको शब्दमा तयार भएको गीतले सन्देश दिन खोजेको छ । अहिलेको परिवेशमा हौसला दिने खालको, मोटिभेशन गर्ने गीतका रूपमा मैले लिएको छु । मेरा लागि एउटा च्यालेन्जिङ गीत हो, यो गीत चल्ने मात्र होइन बाँच्ने गीत पनि बनेको छ । अरू गीत पनि उत्तिकै सबल छन् । मैले एल्बममा भएको ११ गीतकै म्यूजिक भिडियो बनाउने तयारीमा छु । अहिलेसम्म पाँचवटा म्यूजिक भडियो तयार भइसकेका छन् । आवरणकै प्रमोशनमा लागिरहेको छु ।

**'अ' लाई मात्रै रोज्नुमा विशेष केही छ की ?**

'अ'को निरन्तरतामा यो आठौं एल्बम हो । हुन त मैले बीचमा शैली, मेरो साथी, बाँचुन्जेली जस्ता एल्बम ल्याएँ । तर 'अ'लाई ब्राण्डको रूपमा स्थापित गर्न खोजेको हुँ किनकी हाम्रो अक्षर पनि 'अ' बाटै सुरू हुने भएकोले पनि यसलाई निरन्रता दिँदै आएको हु । आवरण 'अ' कै कमब्याक हो । आवरणलाई बजार प्रबर्द्धन गर्ने कम्पनी विन्ध्यवासिनीका संचालक सुवास रेग्मी भाइले पनि 'अ' लाई नै निरन्तरता लागि सल्लाह दिनुभयो ।

**आधुनिकमा चर्चाको शिखरमै हुँदा पपतिर लाग्नुभयो जसले गर्दा तपाईँलाई नै घाटा भयो भनिन्छ नि ?**

म म्यूजिकमा लागेको करिब ३ दशक भइसक्यो । म्यूजिकमा लामो समय लागिरहँदा त्यहाँ आएको फरक शैलीलाई पनि हामीले ध्यान दिनुपर्छ । जेनेरेशनको ग्यापसँगै हामीले कस्तो खालको म्यूजिकलाई प्रतिनिधित्व गरिरहेका छौं भन्ने बुझ्नु जरूरी छ । भ्वाइस र अभिनय भनेको फरक फरक स्वादमा हुनुपर्छ । हुन त जसले जुन प्याटर्न गाइरहेको छ त्यही प्याटर्नबाट चिनिनु राम्रो हो । पप गाउँदैमा मेरो स्रोता घटेको भन्ने लाग्दैन । फरक शैलीलाई आत्मसात गर्दा नयाँ स्रोताहरू पनि बढेका हुन्छन् । मान्छेको जीवन परिवर्तनसँगै हामीले पनि फरक स्वादको गीत दिनुपर्छ । सधैं एउटै शैली दिएर मनोटोनस गराउनुभन्दा उसलाई नयाँपनको आभास गराउनु राम्रो हो ।

**पछिल्लो समय गीतसंगीतको बजार त खस्क्यो भनिन्छ नि ?**

बजार खस्केको भन्न मिल्दैन विश्वव्यापीकरण भएको छ । प्रविधिको विकाससँगै विश्वव्यापीकरण भएको पनि हेर्न सकिन्छ । हिजो रेडियो नेपाल र नेपाल टेलिभिजन मात्रै थियो तर आज मिडियाको पनि विकास भएको छ । सामाजिक सञ्जालका माध्यमले पनि गीतसंगीतको बजार विस्तार भएको छ । हिजो सिडी, क्यासेट सेल्स हुन्थ्यो । म जतिखेर आए त्यतिखेर लाखौं लाख एल्बम बिक्री हुन्थे । अहिले झन् सम्भावना बढेर गएको छ । प्रविधिको सदुपयोग भइरहेको छ । अहिले सुन्ने र किन्ने तरिका फरक भएको छ । अहिले गीत निकाल्ने भनेको मिडियाबाट सुन्नका लागि मात्रै भएको छ । तर मिडियामा बजिसकेपछि त्यहाँबाट लिने फाइदाको बारेमा हामी हाम्रो अधिकारलाई लिन हिचकिचाइरहेको अवस्थाले गर्दा आम्दानी नभएको हो । अहिले मोबाइलमै सबैले सुन्छन्, मिडियामा बज्छ, विभिन्न सार्वजनिक स्थलमा बज्छ त्यहाँबाट लिने रोयल्टीका बारेमा हामीले सरकारसँग सहकार्य गरेर लिन अझै सकेका छैनौं । खाडीमुलुकमा हाम्रा असली स्रोता छन्, उनीहरूले किनेर सुन्छन् तर त्यहाँसम्म लैजान सकेका छैनौं । नेपाललाई मिस गरेर बसेका नेपालीहरूमाझ हामीले पुर्‍याउन नसकेको पाइँदैनथ्यो । अहिले संख्यात्मक रूपमा रेकर्डिङ स्टुडियो, संगीतकर्मी सबै बढे । त्यतिखेर क्षमतावानले मात्रै अवसर पाउँथ्यो । अहिले बिकृति पनि भन्न मिल्दैन । गीतसंगीत भनेको सबैले गाउन पाउने अधिकार छ, रहरका लागि मात्रै रेकर्ड गर्न सकिन्छ । तर पैसा र रिलेशनको प्रयोगले जस्ता पनि बजारमा देखिए । उनीहरूसँग कुनै साधनाबिना पैसाले चर्चा बटुल्ने गरेको पनि देखियो । अहिले जग बलियो नभइ चर्चामा आउन खोजिएको कारण नकारात्मक दिशातर्फ लागेको देखिन्छ । मिडियाले पैसासँग तुलना गर्‍यो तर गुणात्मकतातर्फ हेर्दै हेरेनजस्तो लाग्छ । त्यसले गर्दा प्रतिभा र पैसासँगको प्रतिस्पर्धा देखियो । प्रतिभाको पहिचान देशले नै गर्न सक्नुपर्छ । आफ्नो देशमा सम्भावना नहुँदा धेरै प्रतिभा भएका कलाकार पलायन भएका छन् । धेरै कलाकार उपचारको अभावमा अकालमै मृत्युको मुखमा पुगेका छन् त्यसका लागि पनि सरकारी नीति नियम नै बन्न सक्नुपर्छ । राष्ट्रले नै संगीत क्षेत्रलाई वेवास्ता गरेको देखिन्छ ।

**कलाकारितामा लागेर नै बाँच्न सकिने स्थिति छ त ?**

म त यही संगीत क्षेत्रमा नै लागेर बाँचेको मान्छे हुँ । प्रतिभा भएका कलाकार निरन्तर रूपमा गीतसंगीतमा लाग्यो भने बाँच्न सक्छु । कलाकार क्रियटिभ हुनुपर्छ । तर नेपालको परिवेशमा कलाकारितामा लागेर मात्र पूर्ण रूपमा बाँच्न अलि गाह्रो देखिन्छ । नेपालमा रोयल्टी र कपिराइटको व्यवस्थापन दह्रो रूपमा भएको छैन, यसको पालना गरेर सबैले गीतसंगीत प्रयोगबापत रोयल्टी दिए भने पक्कै पनि बाँच्न सक्ने अवस्था हुन्छ ।

**तपाईंजस्तो प्रस्तोता समाजको संस्थापक अध्यक्ष भइसक्नुभएको व्यक्ति रोयल्टीका बारेमा किन अवाज उठाउनु पर्ने होइन र ?**

हो, म प्रस्तोता समाजको संस्थापक अध्यक्ष भएको नाताले मैले सदैव रोयल्टी र कपिराइटस्का बारेमा आवाज उठाउनुपर्छ । मेरो पनि अधिकार हो, गीतकार, संगीतकार र प्रस्तोता सबैले रोयल्टीका लागि लाग्नुपर्छ । मेरो दुईपटकको कार्यकालमा मैले सकेको प्रयास गरेको हुँ । त्यतिबेला कलाकारले आफ्नो सिर्जनाको प्रयोग भएवापत रोयल्टी पाइन्छ भन्ने बुझेकै थिएनन् । अझ गायकले पनि रोयल्टी पाउँछ भन्ने अवस्था त्यहीबेला भएको हो । त्यतिखेर मेरो टिम नै रोयल्टीका लागि सडक सडकमा दौडिएका थियौं र अहिले पनि हेमन्त शर्माको नेतृत्वमा भएको प्रस्तोता समाजको टिम रोयल्टी र कपिराइट्सका बारेमा दौडिरहनुभएको छ । कलाकारले रोयल्टीका बारेमा राम्रोसँग बुझेपछि यसको व्यवस्थापन हुन्छ ।

**अहिले कलाकारहरु पलायन हुने अवस्था पनि बढेको देखिन्छ कसरी लिनुहुन्छ ?**



अवस्था । सम्भावना बढेर गएको छ ।

**चलेका अनुहारलाई मात्रै यो अवस्था सहज छ तर प्रतिभा भएका धेरै छन् उनीहरुलाई त केही नहुने नै देखिन्छ नि ?**

त्यो त नेपालमा मात्र होइन संसारभरको अवस्था नै हो । हिजो दिन होस् या आजको दिन होस् त्यो भइरहेकै छ । तर भएन भनेर पछि हट्दै जाँदा फेरि केही पनि हुँदैन । चलेका अनुहार पनि त्यसै चलेका होइनन्, उनीहरूको निरन्तरता, मेहनत र लगानी यही क्षेत्रमा भइरहेको छ र नै चर्चा पाउन सफल भए भन्ने बुझ्नु पर्छ । हिजोको दिनमा हामीलाई पनि सजिलो थिएन, रेडियो नेपालमै छिर्न सकिँदैनथ्यो तर आज ती दिन सहज भएका छन् । त्यस्तै प्रेम परियारकै एउटा उदाहरण लिउँ न यूट्यूबमा गीत गाएर कसैले राखिदिएकै भरमा उसलाई खोजेर गायक बनाउन सफल भइएको छ नि । अहिले प्रतिभा भएकालाई धेरै प्लेटफर्म छन् ।

**प्रविधिसँगै संख्यात्मक रुपमा गीतसंगीत बढे तर गुणात्मकता भने देखिँदैन नि ?**

हिजोको अवस्थामा सिमित हुन्थे, अवसर पनि कम हुन्थ्यो । भ्वाइस टेस्ट नगरिकन गीतगाउननै समाज भनेको बलेको आगो ताप्छ । अब चर्चामा छँदा वाही वाही गर्छ तर उसको संगीतबाट कुनै उपब्धि हुन सकेन र आफ् नो आधारभूत आवश्यकता पूर्ति नभएपछि विकल्प खोज्छ । यो समाजमा उसलाई चिन्ने धेरै हुन्छन्, उसको लाइफस्टाइललाई पछ् याउने धेरै हुन्छ त्यसैले उसले सामान्य काममा झर्न सक्दैन त्यसको परिणाम कसैले नदेख्ने नयाँ समाज रोज्दा पलायन भएको होकी भन्न सकिन्छ । म चाहिँ यो क्षेत्रमा नै स्तरीयता खोजिरहनेछु ।

**तपाईंलाई दोस्रो पुस्ताको नारायण गोपाल भन्छन, कस्तो लाग्छ ?**

यो त मेरो लागि ठूलो कुरा हो । मैले गायनयात्रा सुरू गर्दा नै उहाँको गीत गाएर आएँ । स्टेजहरूमा मैले आफ्नो रेकर्ड नहुँदा उहाँका गीत धेरै गाएँ । तर आफ्नो गीत नचल्दा कता कता पिरोल्दोरहेछ । ०४५ सालमा उहाँको र मेरो सँगै एल्बम आएको थियो । त्यतिबेला कहिले उहाँको बढी, कहिले मेरो बढी बिक्री हुन्थ्यो । प्रोग्राममा पनि नारायण गोपालको दुरूस्तै गाउने केटो आको छ अब त्यसलाई गाउन बोलाउँ भन्थे । ठूलो रूखको ओत लाग्दा एकझर पानी ओत्छ भनेजस्तै भयो । ०४७ सालमा उहाँको निधन भयो त्यसपछि उहाँलाई भनेर बनाइएका गीतहरू मलाई गाउन लगाइयो । अबसर पनि धेरै मिले ।

**तपाईंका अविश्मरणीय क्षण ?**

अविश्मरणीय क्षणहरू धेरै छन् । ०४४ सालमा नेपाल ल क्याम्पसमा भएको एक कार्यक्रममा धेरै सिनियर कलाकारहरू हुनुहुन्थ्यो । दर्शकहरूको ठूलो भीड थियो । म बढी हिन्दी गीत गाउँथे । त्यहाँ मैले गाउन थालेपछि पैसाको वर्षा हुनथाल्यो । पैसा दिन खोज्नेहरूलाई रोक्नुपर्ने स्थिति नै पैदा भयो र उद्घोषकले गायकलाई नै पछि भेटेर आफैं दिनुहोस् भनेपछि बल्लतल्ल भीड रोकिएको थियो । त्यतिखेर म ११ वर्षको थिएँ । जुन समय मैले बिर्सन नसक्ने बनेको छ ।

**प्रेरणाको स्रोत भन्नुपर्दा ?**

पहिला त कोही थिएन नै तर काठमाडौं छिरेपछि गोपाल कर्माचार्यसँग भेट भयो । उहाँले एकल साँझ, चलचित्रमा समेत अवसर दिनुभयो । उहाँलाई कहिल्यै बिर्सन सक्दिनँ । उहाँकै मार्गदर्शनले म यहाँसम्म आइपुगेको हुँ ।

**शब्द/तस्विर: सबिता पोखरेल**

## समाचार

# डा.थापा र बुढालाई चोमोलुङ्मा सम्मान

नेपाली साहित्य, कला र संगीत क्षेत्रमा क्रियाशील रहेको संस्था चोमोलुङ्मा प्रतिष्ठानले यस वर्षको चोमोलुङ्मा सम्मान २०७३ बरिष्ठ समाजसेवी तथा साहित्यकार डा. रेनुका थापा (सोलु) र बाद्यवादक खर्क बहादुर बुढामगरलाई सम्मान गरिएको छ । चोमोलुङ्मा प्रतिष्ठान नेपालले आफ्नो नवौं वार्षिकोत्सवको अवसरमा नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका सदस्य सचिव गणेश रसिकको हातबाट सम्मान प्रदान गरिएको हो ।

डा. थापालाई 'चोमोलुङ्मा मनलक्की साहित्य सम्मान २०७३' बाट र बुढामगरलाई 'चोमोलुङ्मा पविधन खालिङ संगीत पुरस्कार २०७३' बाट सम्मान गरिएको हो । यो सम्मान प्रतिष्ठानका संस्थापक अध्यक्ष संगीतकार पविधन खालिङले स्थापना गरिदिएको एक लाख बराबरको अक्षयकोषबाट 'चोमोलुङ्



मा पविधन खालिङ संगीत पुरस्कार' प्रदान गरिँदै आइएको हो भने सगरमाथा फाइनान्सका सिइओ मन बाहिङले स्थापना गरिदिएको अक्षयकोषबाट चोमोलुङ्मा मनलक्की साहित्य सम्मान प्रदान गरिँदै आइएको अध्यक्ष जर्सिहाङ राईले जानकारी दिए । दुवै पुरस्कारको राशी चोमोलुङ्माको उचाई ८८४८ मिटर बराबर ८८४८ रूपैयाँ रहेको छ ।

सोही समारोहबीच सुमधुर स्वरकी धनी गायिका संगीता (मेखा) राईको साहिल नामक गीति एल्बमको विमोचन पनि गरिएको थियो । सात वटा फरक फरक किसिमका गीतहरू समेटिएको सो एल्बम संगीताका श्रीमान् चन्द्र राईको सहयोगमा निर्माण भएको हो । एल्बममा समेटिएको दुई वटाको म्युजिक भिडियोसमेत निर्माण गरिएको निर्माण पक्षले जानकारी दिएको थियो भने गायिका संगीताले कार्यक्रममा गीत गाएर सुनाएकी थिइन् । कार्यक्रमको प्रमुख अतिथिको आसिनबाट बोल्दै नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका सदस्य सचिव गणेश रसिकले चोमोलोङ्माले सबैभन्दा अग्लो उचाईबाट गर्ने हरेक कार्य जस्तोसुकै बादलले पनि नछेक्ने बताएका थिए । बरिष्ठ संगीतकार तथा प्राज्ञ शान्तिराम राईले विमोचित साहिल एल्बमको समिक्षा गर्दै यो एल्बमले नेपाली सांगीतिक क्षेत्रमा नयाँ आयम थप्ने विश्वास व्यक्त गरेका थिए । कार्यक्रममा बरिष्ठ गीतकार टिका चाम्लिङ, सांस्कृति संस्थानका महाप्रबन्धक राजेश थापा, बरिष्ठ संगीतकार प्रकाश गुरूङ, मदनसिंह नेपाली, भूपेन्द्र रायमाझीलगायतले प्रतिष्ठानको प्रगतिको शुभकामना दिएका थिए ।

त्यस्तै प्रतिष्ठानका अध्यक्ष जसिहाङ राईले प्रतिष्ठानले आफ्नो बाटोको पहिचान गर्दै ट्याक खोल्ने काम सकेर पीच गर्ने क्रममा रहेको बताए । महासचिव पूर्ण राईले संस्था स्थापनामा महत्वपूर्ण भूमिका निर्वाह गर्ने अग्रजहरूलाई सम्बोधन गर्दै पुर्खाको विरासत जोगाउनुका साथै थप रचनात्मक कार्य गर्नु आफुहरूको मुख्य दायित्व भएको बताए । कार्यक्रम संस्थाका सचिव सुवास जमरकट्टेलले सञ्चालन गरेका थिए । औपचारिक कार्यक्रमपश्चात विभिन्न मनोरञ्जनात्मक गीत, कविता, गजल तथा रचनाहरू प्रस्तुत गरिएको थियो । २०६५ सालमा स्थापना भएको प्रतिष्ठानको आजिवन सदस्य, साधारण सदस्य तथा कार्यसमिति गरी जम्मा पाँच दर्जन भन्दा बढि साहित्य, कला र संगीतकर्मीहरू संगठित छन् ।

# सातौं विन्ध्यवासिनी म्यूजिक अवार्डको मनोनयन सार्वजनिक

विन्ध्यवासिनी म्यूजिकको आयोजनामा विगत सात वर्षदेखि हुँदै आएको विन्ध्यवासिनी म्यूजिक अवार्डको मनोनयन सार्वजनिक भएको छ । कार्तिक २६ गते राजधानीको राष्ट्रिय नाचघर जमलमा एक कार्यक्रमको आयोजना गर्दै अवार्डको उत्कृष्ट पाँचमा परेका स्रष्टा र सिर्जनालाई मनोनयनको प्रमाणपत्र प्रदान गरिएको थियो । अवार्ड आगामी मंसिर २६ गते राजधानीको आर्मी अफिसर्स क्लब भद्रकालीमा सम्पन्न हुनेछ । सो कार्यक्रममा विभिन्न सांस्कृतिक कार्यक्रम एवं सम्मान र पुरस्कारको साथमा मनोनयनमा परेका स्रष्टा र सिर्जनालाई प्रमाणपत्र प्रदान गरिएको हो । अवार्डको उत्कृष्ट मनोनयनमा पर्ने कलाकारहरूको नामावली यस प्रकार रहेको छः

**सर्वोत्कृष्ट गीत सुगम संगीत**
१. मारेर जल्छु - सुरेन्द्र महर्जन 'अमर'
२. रितु हेर्ने - पद्मा लिंखा मगर
३. आशु लुकाई - करिश्मा घम
४. उडाई लग्यो सपना - विप्लप खड्का
५. नदेखु भन्छु - सुदिप रेग्मी

**सर्वोत्कृष्ट गायन सुगम संगीत (पुरुष)**
१. कथाले मागेपछि - सुजन तिगेला लिम्बु
२.ओई झुमा झुम्कावाली - प्रमोद खरेल
३. माया मैले तिमीलाई - विश्व नेपाली
४. ऋतु हेर्ने - राजेश पायल राई
५. नमिलेका दाँत तिम्रा - रूपक डोटेल

**सर्वोत्कृष्ट गायन सुगम संगीत (महिला)**
१. तिमी भन्छ्यौ भने - टिका प्रसाई
२. आँशु लुकाई - मेलिना राई
३. नदेखुँ भन्छु - रजीना रिमाल
४. मनको दैलो खोली - अन्जु पन्त
५. निभ्नै लागेको दियो - श्रीयासी चेम्जोङ लिम्बु

**सर्वोत्कृष्ट संगीत (सुगम संगीत)**
१. आँशु लुकाई - राजेश थापा
२. जब साँझ - डी.आर.अटु
३. ओई झुमा - अर्जुन पोखरेल
४. गाजलु आँखा - राम सिटौला
५. निभ्नै लागेको दियो - राजकुमार बगर

**सर्वोत्कृष्ट रचना (सुगम संगीत)**
१. आकाशको तारा - सुरेन्द्र महर्जन अमर
२. मायालु मुहार - रोशन भट्टराई
३. तिम्रो लागि - बिबस गोदार गुप्ता
४. एउटा यस्तो भिड छ - योगेन्द्रमणी दाहाल
५. धुजा धुजा पारी - राजकुमार बगर

**सर्वोत्कृष्ट एल्बम (सुगम संगीत)**
१. मुटु - करिश्मा घम
२. अमर - सुरेन्द्र महर्जन
३. अक्षता - रोशन भट्टराई
४. स्वरान्तर - सानुबाबु महर्जन
५. नजर -२ - पद्मा लिंखा मगर

**सर्वोत्कृष्ट एरेन्जर (संगीत संयोजन)**
१. सुदिप सागर - तिम्रो संसार
२. सन्जिब बराईली - हिमालमा
३. जुगल डंगोल - अन्मिएर गयौ
४. कमल सौराग - तिमीसँगै जिउछु मर्छु
५. बिजेश्वर तन्डुकार- तिमीबिना एक्लोपन

**सर्वोत्कृष्ट पप गायन (पुरुष)**
१. सुमन सरगम - तिम्रो मखमली जोवन
२. नबिन के भट्टराई - कामना
३. बादल प्रसाई - हिमालमा
४. सीताराम पोखरेल - होस् आज छैन
५. सन्जिव प्रधान - म र उनी

**सर्वोत्कृष्ट पप गायन (महिला)**
१. दुर्गा खरेल - त्यो काले काले केटाले
२. आकांक्षा बस्याल - तिमी नै खास हौ
३. मौसमी गुरूङ - अलि अलि गर्दा गर्दै
४. श्रेया सोताङ - अलि अलि
५. सुमन गुरूङ - किन किन

**सर्वोत्कृष्ट संगीत (पप)**
१. जुगल डंगोल - हाम्रो मिलन
२. कल्याण सिंह - हिमालमा
३. कारणराज कार्की - होस् आज छैन
४. कमल खत्री - म गीत हुँ तिम्रो
५. बिपुल क्षेत्री - माया

**सर्वोत्कृष्ट युगल गायन**
१. दिपक लिम्बु र रजिना रिमाल - तिमी मेरो
२. सुरेन्द्र महर्जन र मिलन आमात्य - मनको ढोका
३. टिका प्रसाई र राजेशपायल राई - हातैमा चुरा
४. सरोज लामा र आकांक्षा बस्याल - चोखो माया
५. इन्दिरा जोशी र लक्ष्मु निरौला - गिलिन बाट

**सर्वोत्कृष्ट लोकदोहोरी गायक**
१. शिरिष देपकोटा - उधारो माया
२. मौसम गुरूङ - तिमी फुल हौ काली
३. हरि डाँगी - गुलाफको फूल
४. बद्रि पंगेनी - शिरमा ढाकाटोपी
५. बिमल डाँगी - पागलै बनौंला मायालु

**सर्वोत्कृष्ट लोकदोहोरी गायिका**
१. सिता केसी - उधारो माया
२. मिरा पोख्रेल - गुलाफको फूल
३. देवी घर्ती - मायाले मन
४. कला पंगेनी - शिरमा ढाका टोपी
५. मुना थापा - पागलै बनौला

**सर्वोत्कृष्ट लोकदोहोरी भाका**
१. ज्योति न्यौपाने - उधारो माया
२. रमेश श्रेष्ठ - छुट्यो मायाजाल
३. सन्तोष के बास्तोला - तिम्रो याद घटाउ
४. रामु खड्का - आज भन्दा भोलि माया
५. एकनारायण भण्डारी - पटुकी पोकोमा के होला

**सर्वोत्कृष्ट लोकदोहोरी रचना**
१. ज्योती न्यौपाने - उधारो माया
२. राजन ठकुरी - बाटो मोड्ने छैन
३. गणेश चौलागाई - पागलै बनौला
४. प्रल्हाद सुवेदी - पटुकी पोकोमा
५. एकनारायण भण्डारी - कलेजी छिनायौ

**सर्वोत्कृष्ट लोकदोहोरी गीत**
१. राजिव सुनुवार - माया गर्ने मान्छे
२. राजन ठकुरी - बाटो मोड्ने छैन
३. गोपीकृष्ण पंगेनी - मायाले मन बराल्छ
४. गणेश चौलागाई - पागलै बनौंला
५. एकनारायण भण्डारी - कलेजी छिनायौ

**सर्वोत्कृष्ट मोडल जोडी पप तथा आधुनिक भिडियो**
१. तिम्रो संसार - सनम कठायात र वर्षा राउत
२. चन्द्रजस्तै मुहार - दुर्गेश थापा र विद्या भण्डारी
३. म मरेर के भो - उषा खनाल र ईच्छाराम परियार
४. तिमी नै आस- लक्की आचार्य र दिया रिजाल
५. जो बिना एकपल- बिमल अधिकारी र बर्षा शिवाकोटी

**सर्वोत्कृष्ट चलचित्र पार्श्व गायक**
१. सुगम पोख्रेल - म यस्तो गीत गाउछु "प्रेम गीत"
२. रामचन्द्र काफ्ले- आइ लभ यु "भाग सानी भाग"
३. चिरन्जीवी भण्डारी - चट्टै मुटु काटेर "रेलिमाई"
४. राजेशपायल राई - फूलै फूलको "फूलै फूलको संसार तिमीलाई"
५. युवराज चौलागाई - हारे हारे "क्लासिक"

**सर्वोत्कृष्ट चलचित्र पार्श्व गायिका**
१. अन्जु पन्त - म यस्तो गीत गाउँछु "प्रेम गीत"
२. जुनु रिजाल - आइ लभ यु "भाग सानी भाग"
३. माण्डवी त्रिपाठी - सुन्तलीलाई भगाई.. "सुन्तलीलाई भगाई लग्यो झिल्केले"
४. मेलिना राई - सुनैको हार दिन "क्लासिक"
५. सिता सिंगक - नदुख्ने कुनै मन "रेलिमाई"

**सर्वोत्कृष्ट चलचित्र संगीत**
१. अर्जुन पोख्रेल - म यस्तो गीत गाउछु "प्रेम गीत"
२. राजनराज सिवाकोटी - सुर्के थैली "वार्ड नम्बर ६"
३. चेतन सापकोटा - आइ लाभ यु "भाग सानी भाग"
४. सुरेश अधिकारी- फुलै फुलको "फुलै फुलको मौसम तिमीलाई"

**सर्वोत्कृष्ट राष्ट्रिय भावको गीत**
१. बलिन्द्र नेम्वाङ्ग - गौतम बुद्ध
२. महेश आचार्य - आफ्नै घर सल्काएर न्यानो
३. पद्मा लिंखा मगर - एकताको गीत गाउँदै
४. स्वक्षेत्रप्रताप अधिकारी - टोपी लाए पनि हुन्छ
५. डा.रञ्जित झा - हाम्रो देश

**सर्वोत्कृष्ट भिडियो निर्देशक (लोकदोहोरी)**
१. कपिल लामा - आज भन्दा भोलि माया
२. क्रान्ती केसी - तिमी फुल हौ काली
३. शंकर बिसी - शिरमा ढाकाटोपी
४. शिब बि.क - पिरतीको डोरी
५. शंकर बिसी - उधारो माया

**सर्वोत्कृष्ट भिडियो निर्देशक (सुगम संगीत)**
१. सुरज श्रेष्ठ - मायालु मुहार
२. निकेश खड्का - ओइलाएर झार्न दिन्न
३. फराज अर्पण - आँखा मारेर
४. प्रणव जोशी - होस आज छैन
५. सहेन्द्र श्रेष्ठ - एउटा यस्तो भिड छ

**सर्वोत्कृष्ट छाँयाकर म्युजिक भिडियो**
१. हरि हुमागाईं - मायालु मुहार
२. सुदिप बराल - सान्नानी
३. राजेश घिमिरे - ऋतु हेर्ने यो नजर
४. शम्भु चालिसे - पिरतीको डोरी
५. प्रताप सिंह - होस् आज छैन

**सर्वोत्कृष्ट सम्पादक म्युजिक भिडियो**
१. प्रविन श्रेष्ठ - मायालु मुहार
२. टेकेन्द्र शाह - मिठो सरगम
३. निशान घिमिरे - कोपिलामै सुन हुन्छ
४. अनुप गिरी - जाँदैछु टाढा
५. भरत रेग्मी - होस् आज छैन

**सर्वोत्कृष्ट ध्वनी मुद्रण**
१. राजेश्वर तण्डुकार - नदेखे झैँ किन
२. साजन साह - ऋतु हेर्ने यो नजरमा
३. बुद्ध सायमी - जति छाल आए पनि
४. बिजय थापा - जिन्दगीले आफैलाई
५. मित्र लामा - नियतिले छालमा बग्दै

**सर्वोत्कृष्ट नवप्रतिभा लोकदोहोरी**
१. गोपीकृष्ण पंगेनी - मायाले मन बराल्छ
२. सुनिता गुरूङ - पानी पानी
३. नहकुल ढकाल - रूँदै मेलापातमा
४. प्रविन पौडेल - बोल हासी हासी
५. अर्पणराज गीरी - पटुकी पोकोमा के होला

**सर्वोत्कृष्ट म्युजिक कम्पनी**
१. निर्भाना टिभी नेपाल
२. गोर्खा चौतारी म्यूजिक प्रा.लि.
३. एसियन म्यूजिक प्रा.लि.
४. भावना सोलुसन
५ कामना म्यूजिक

**सर्वोत्कृष्ट मोडल दोहोरी**
१. दुर्गेश थापा र ऋतु बोहोरा - छुट्यो मायाजाल
२. देवेन्द्र क्षेत्री र सपना साही ठकुरी- पिरतीको इतिहास -२
३. रूपा कँडेल र महेन्द्र गौतम - तिमी र म
४. बिमल अधिकारी र सारिका केसी - आज भन्दा भोलि
५. अन्जली अधिकारी र शंकर बिसी - उधारो माया

**सर्वोत्कृष्ट नवप्रतिभा पप तथा सुगम**
१. पुष्पराज बराल - नौनी जस्तै
२. सन्देश पाठक - हाम्रो मिलन
३. सन्जिव पराजुली - झिलमिल झिलमिल
४. कमल सौराग - कस्ती भयौ होला
५. बिना राई - नदेखे झैँ किन

**सर्वोत्कृष्ट गीतकार महिला (सुगम संगीत)**
१. आँसु लुकाई - करिश्मा घम
२. जिन्दगीले आफैंलाई - राधिका अधिकारी
३. तिम्रो माया - बबी गुरूङ्ग निश्चल
४. निभ्नै लागेको दियो - लिला पुन
५. ऋतु हेर्ने - पद्मा लिंखा मगर

सड्गीत उत्पादक समाज नेपालको अत्यन्त जरुरी सूचना

प्रतिलिपि अधिकार ऐन ०५९ र नियमावली ०६१ द्वारा प्रदत्त श्रव्य तथा श्रव्यदृश्य साङ्गीतिक सामग्रीका ध्वनि अङ्कनकर्ता तथा उत्पादकहरुको रोयल्टी सम्बन्धी अधिकारलाई कार्यान्वयन (सङ्कलन तथा बितरण) गर्नका लागि स्थापित यस "सङ्गीत उत्पादक समाज नेपाल" मा सदस्यता लिन बाँकी रहनुभएका सम्पूर्ण ध्वनिअङ्कनकर्ता एवं उत्पादकहरुले अनामनगरस्थित यस संस्थाको कार्यालयमा सम्पर्क राखी सदस्यता लिई सम्झौता गर्नुहुन साथै सदस्यता लिई नवीकरण गर्न बाँकी रहनुभएका सदस्यहरुले समेत यथाशीघ्र नवीकरण गर्नुहुन अनुरोध गरिन्छ ।

सड्गीत उत्पादक समाज नेपाल
अनामनगर, काठमाडौं
सम्पर्क: ०१-४१०२७३७, ९८५१००६४६६, ९८५१०९२६८८

साप्ताहिक फिल्मी खबर
हरेक विहीबार, मनोरञ्जनको सूचना र समाचार

म्युजिक डायरी
Music Diary

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मनोरञ्जन समाचारका लागि
SCREENNEPAL
#1 Nepali Entertainment Portal

# किबोर्ड बोकेरै गाउँ फर्किएँ

## सुदीप सागर, संगीत संयोजक

**मलाई किबोर्ड किनाउनेले यतिभए संगीत संयोजनका लागि काम हुन्छ भन्दै ठूलो रकम खर्चिदिए तर जमाना कम्प्युटरबाट नै एरेन्जका काम हुन थालिसकेका रहेछ, मलाई फसाइएको रहेछ भन्ने पछि बुझेँ, सुदीपले भने । त्यसपछि काठमाडौंको बसाई मलाई असहज बन्दै गयो पुनः किबोर्ड बोकेर गाउँ फर्किएँ, सुदीपले पुराना दिन सम्झँदै भने मेरो लागि काठमाडौंमा ठाउँ रहेनछ जस्तो लाग्यो ।**

**सुमन बैरागी**/म्यूजिकखबर

काठमाडौं धेरैको सपनाको शहर बनेको छ । यही सपनाको शहरमा हराउनेहरू र यहींबाट विदेश पलायन हुनेहरू पनि धेरै छन् । जान्दा यही सुन फल्छ भने नजान्दा कतिको सपना देख्दादेख्दै जिन्दगीले नेटो काट्छ । तर एउटै लक्ष्य र सपना बोकेर आउनेहरूले अठोटका साथ निरन्तर आफ्नो कार्यमा लाग्दा सफलता पनि हात पारेका छन् । तिनैमध्येका एक हुन् उम्दा संगीत संयोजक सुदीप सागर । खाँचीकोट-५ अर्घाखाँचीका सुदीप सागर पनि संगीतभित्र नै हराउन थालेका छन् । उनको सपना संगीतमा नै केही गर्छु भन्ने थियो । मध्यम परिवारमा जन्मिएका सुदीपले स्कुलस्तरमै पनि संगीतमा पुरस्कृत हुँदै आएका थिए । लोक, आधुनिक गीत गाउने, बाजा बजाउने गर्दै गर्दा स्कुलबाट संगीतको सागरमा होमिएका हुन् उनी ।



उनी सानै छँदा आफ्ना काका बसन्त श्री सागरले लोकदोहोरी एल्बम 'मथुराबेशीमा' बजारमा ल्याएका थिए । तिनै काकाको संगतले उनलाई संगीतमा लाग्ने प्रेरणा मिल्यो । २०६४ सालमा म्यूजिकका लागि काठमाडौं छिरेका सुदीपले गुरुदेव कामतसँग दुई वर्ष संगीतको कक्षा लिए । काठमाडौंमा बसेर संगीतमा लाग्नका लागि परिवारको पनि सपोर्ट थियो । तत्कालिन समयमा एउटा किबोर्ड किनेको थिएँ । मलाई किबोर्ड किनाउनेले यतिभए संगीत संयोजनका लागि काम हुन्छ भन्दै ठूलो रकम खर्चिदिए तर जमाना कम्प्युटरबाट नै एरेन्जका काम हुन थालिसकेका रहेछ, मलाई फसाइएको रहेछ भन्ने पछि बुझेँ, सुदीपले भने । त्यसपछि काठमाडौंको बसाई मलाई असहज बन्दै गयो पुनः किबोर्ड बोकेर गाउँ फर्किएँ, सुदीपले पुराना दिन सम्झँदै भने मेरो लागि काठमाडौंमा ठाउँ रहेनछ जस्तो लाग्यो ।

सुदीप गाउँ फर्किएपछि भैरहवामा आफ्ना काकासँग सँगै बसे । करिब डेढ वर्ष भैरहवामा बस्दा पनि उनीभित्र संगीतकै नशा थियो तर समय अनुकुल बन्न सकेको थिएन । किबोर्डमै दिन बिताउँदै थिए सुदीपले, त्यो देखेर काकाले उनलाई पुनः काठमाडौं प्रवेश गराए । सपनाको शहर काठमाडौंमा उनलाई फेरी दुःखका दिन सुरु भयो । शून्यबाटै उनले संघर्ष गर्नुपर्ने अवस्था सिर्जना भयो । साथीहरूसँग मिलेर काठमाडौंमा एक दुई वर्ष बिताए । संगीतकै शिलशिलामा उनले धेरै साथीहरू भेटे, स्टुडियो दौडिए, कहीँ गएर केही हुन्छ की भन्नेमै दिन बित्दै थिए । जब उनले चर्चित संगीत संयोजक आशिष अबिरललाई भेटे तब उनको दिनचर्यामा परिवर्तन आउन थाल्यो । आफ्नो एरेन्जको गुरु नै आशिष अबिरल भएको उनी कहिल्यै भुल्दैनन् । क्लासिकल म्यूजिक सिक्ने उद्देश्यका साथ उनी संगीतको दुनियाँमा छिरेका संगीत संयोजक (एरेन्जर) तिर बाटो मोडिएको पत्तै पाएनन् । उनलाई संगतले संगीत सिकायो र एरेन्जरको पेशामा लगायो । उनी काठमाडौंमै भौतारिने क्रममा संगीत संयोजन सिक्दै थिए । त्यतिबेला अलंकार रेकर्डिङ स्टुडियोमा उनलाई धेरैले भेट्न पाउँथे । त्यही स्टुडियोमा कहिले टेक लिएर त कहिले साथीभाइसँग गफिएरै भए पनि दिन बितिरहेका थिए । एक दिन उनी स्टुडियोमा गायिका विन्दु परियारको टेक लिँदै थिए । विन्दुले झ्याप्पै मन पर्‍यो बोलको गीत गाउँदै थिइन् । अकस्मात उनलाई पनि विन्दु मन परेको पत्तै भएन । उनीहरूबीच पनि झ्याप्पै मन परेछ त्यसको छोटो अवधिमै एरेन्जर सुदीप सागर र गायिका विन्दु परियारबीच बिहे भयो । उनीहरू एउटा सांगीतिक जोडी बन्न पुगे ।

संगीत संयोजन गर्नु चानचुने कुरा होइन । एउटा संगीतकारले दिएको गोरेटोलाई पीच गर्ने काम संगीत संयोजकको हो । सुरु सुरुमा उनले म एरेन्जको काम गर्छु भन्दा पत्याउँदैनथे । तर काम गर्न छाडेनन्, अरूको विश्वास जित्ने काम गरिरहे । नाम चलेका संगीतकारहरूसँग काम गर्ने र आफ्नो कामलाई सकेसम्म राम्रो गरेर देखाउने उनको चाहना थियो । त्यो उनको अब पूरा हुने क्रममा छ । उनीसँग संगीतकार सन्तोष श्रेष्ठ, वसन्त सापकोटा, महेश खड्का, राजकुमार बगर, दिपक शर्मा, लोकराज अधिकारी जस्ता गीतसंगीतका व्यक्तित्वहरूले सहकार्य गरिरहेका छन् । तिज म्यूजिक अवार्डबाट उत्कृष्ट एरेन्जरको अवार्ड पाइसकेका सुदीप सागर म्यूजिक खबर म्यूजिक अवार्ड, विन्ध्यवासिनी अवार्डसमेत उत्कृष्ट पाँचभित्र पर्न सफल भएका थिए । काम गर फलको आशा नगर भन्ने सोचमा लागेका सुदीपले संगीतको सागरमा डुब्दा आनन्दित भएको बताउँछन् ।

व्यवसायिक हिसाबले संगीत संयोजनको काम राम्रो छ तर राम्रो मान्छे भेटाउन र विश्वास जित्न पनि चुनौति नै बन्ने गरेको छ, उनले भने - 'यो पेशा रोमान्टिक छ, दुनियाँ बिर्साउँछ तर प्रविधि अनुसार आफूलाई चलाउन पनि गाह्रो छ ।' संगीतकै नियमभित्र रहेर उनले संगीत संयोजन गरिरहेका छन् । तर हतारम गर्ने दबाब दिने प्रचलन धेरैमा छ । संगीतकारले बुझिदिए भने संगीत संयोजन पनि राम्रो हुन्छ तर हतार गर्दा बिग्रन्छ । महिनामा १५ देखि २० वटाको हाराहारिमा उनले संगीत संयोजन गरिरहेका छन् । लोक, आधुनिक, चलचित्र, पप शैलीका गीतमा उनले संगीत संयोजनको कार्य गरिरहेका छन् । अब उनको पूरा समय कम्प्युटरका किबोर्डसँगै बितिरहेको छ । उनी यसै पेशाबाट आफ्नो लाइफस्टाइल बदल्ने सोचमा छन् । बरू गाउँ फर्किन्छु तर विदेश जान्न किनकी मलाई मेरै देशको माटोले धेरै कुरा सिकाएको छ, सुदीपले भने 'यो रमाइलो दुनियाँमा वनर भएर बसेको छु, अब वर्कर बन्न किन विदेश जाने ?'

# कल्याणकारी कोष निर्माणमा गोरखाली सांस्कृतिक समाज



गोरखा सांस्कृतिक समाज काठमाडौंले आफ्नो समाजको कल्याणकारी कोष निर्माणमा सक्रिय रूपमा लागेको छ । तिहारमा देउसीभैलो कार्यक्रममार्फत् समाजले करिब ६ लाख कलेक्सन गरेको थियो । उक्त आम्दानीबाट कार्यक्रम खर्च कटौती गर्दै समाजले करिब ४ लाख ५० हजारभन्दा माथि रकम कोषमा जम्मा गर्न सफल भएको समाजका अध्यक्ष दिपसागर थापाले जानकारी दिएका छन् ।

देउसीभैलो कार्यक्रममाको उद्घाटन बालाजुस्थित गुराँस क्याफेमा गरिएको थियो । नेपालका वरिष्ठ न्यूरो सर्जन डा. उपेन्द्र देवकोटाको प्रमुख आतिथ्यतामा भएको उक्त कार्यक्रममा पहिलो दिनमै करिब ३ लाख रूपैयाँ संकलन गरेको थियो । देवकोटाले सबैले देख्ने सपनाभन्दा फरक र अरूभन्दा अगाडि गोरखाले सपना देख्नुपर्ने बताए । गोरखा सबैभन्दा अगाडि हुनुपर्ने बताउँदै देवकोटाले आजभन्दा ५६ वर्ष अगाडि मुलुकमा कुनै पनि सांस्कृतिक संस्थाहरू नजन्मिँदै गोरखा नाटक जन्मिएर विभिन्न कार्यक्रमहरू संचालन गरेको इतिहास स्मरण गर्दै गोरखाले अरूभन्दा अगाडि सपना देखेर अघि बढ्ने गरेको बताएका थिए ।

गोरखा सांस्कृतिक समाज आफ्नो स्थापनाको पहिलो कार्यक्रम स्वरूप उद्घाटन एवं देउसीभैलो कार्यक्रमको आयोजना गरेको थियो । समाजका अध्यक्ष दीपसागर थापाको सभापतित्वमा भएको उक्त कार्यक्रममा गोरखा समाज सेवा केन्द्रका अध्यक्ष महेश गुरूङ, केन्द्रका वरिष्ठ उपाध्यक्ष वेदप्रसाद काप्री, केन्द्रका कोषाध्यक्ष विष्णु पोखरेल, गुरूङ कलाकार संघका अध्यक्ष राजु गुरूङ, महासचिव गणेश गुरूङ, विश्व युवा शान्ति संगठनका अध्यक्ष प्रकाश बाबु थापा, संचारकर्मी शुशील अर्याल, संस्थाका सल्लाहकार डा. नवि अधिकारी, रामजी पन्त, दीपक अर्याल, किशोर थापा, लगायत अतिथिहरूको उपस्थिति रहेको थियो ।

संस्थाका वरिष्ठ उपाध्यक्ष सुमन बैरागीले कार्यक्रममा उपस्थित अतिथिहरूलाई स्वागत गर्दै संस्थाको विगत र वर्तमानलाई स्मरण गरेका थिए । सम्पूर्ण नेपाल गोर्खा र सबै नेपाली गोर्खाली भएर चिनिएको अवस्थामा नेपाल राष्ट्र निर्माणदेखि अहिलेसम्म अग्रपंक्तिमा रहेको हुँदा नेपाली मौलिक कला संस्कृतिको संरक्षण एवं सम्बर्द्धनमा गोरखा सांस्कृतिक समाज अगाडि बढ्ने विश्वास व्यक्त गरेका थिए । औपचारिक कार्यक्रमलाई समापन गर्दै समाजका अध्यक्ष दीपसागर थापाले सम्पूर्ण गोर्खालीको साथ र समर्थनले संस्थाको जन्म भएको बताउँदै आफ्नो मौलिकता के हो भन्ने बुझ्नु जरूरी रहेको बताउँदै नेपाली कला संस्कृतिको संरक्षणमा अब गोर्खालीहरू अगाडि बढ्नुपर्ने आजको आवश्यकता भएको औंल्याएका थिए । कार्यक्रम संस्थाका महासचिव सुनिल लामिछानेले संचालन गरेका थिए ।

औपचारिक कार्यक्रमपछि देउसी भैलोको कार्यक्रम सुरु गरि सांस्कृतिक मनोरञ्जन प्रदान गरिएको थियो । समाजकी उपाध्यक्ष रञ्जिता गुरूङ संयोजक एवं सहकोषाध्यक्ष कोपिला गुरूङ सहसंयोजक रहेको उक्त देउसी भैलो कार्यक्रममा गोर्खाका दर्जनौं कलाकारले प्रस्तुति दिएका थिए । देउसीभैलोबाट जम्मा भएको रकम समाजले स्रष्टा कल्याणकारी कोषमा राख्ने र भैपरी आएको समयमा कोषले सहयोग गर्ने योजना बोकेको छ ।

म्यूजिक खबर पाक्षिक
काठमाडौं, जि.प्र.का. दर्ता नं ३३२/०७३/०७४

# सुरिली सुनिला



**दोहोरी साँझमा ५ वर्ष गीत गाएरै बिताएकी सुरिली सुनिलाले सातौं गोर्खा महोत्सवमा भएको प्रत्यक्ष दोहोरी प्रतियोगितामा प्रथम स्थान हासिल गरेपछि उनको जीवनमा उर्जा मिलेको थियो ।**

सुनिला गुरूङ लोक दोहोरी गायनमा चर्चा बटुल्दै गरेकी गायिका हुन् । गायनकै क्रममा करिब एक दशकको यात्रा तय गरेकी गायिका सुनिला सुरिली स्वर भएकी गायिका हुन् । काशीगाउँ ९, गोर्खा घर भएकी गायिका सुनिलाले करिब दुई दर्जन गीतमा स्वर दिइसकेकी छन् । लोकदोहोरी, कौडा, तिज, देउडा जस्ता विभिन्न शैलीका गीतमा स्वर दिइसकेकी सुनिलाले आफ्नै लगानीमा ९ वटा गीत रेकर्ड गराइसकेकी छिन् । गोर्खाको प्रतिभा सुनिलाले २०६६ सालबाट आफूलाई गायनमा निरन्तर चलायमान बनाएकी हुन् । गाउँको रोधी बस्ने परिवेश, वनपाखा दाउराघाँस गर्दाको लोकगायनले पनि उनलाई गीत गाउनमा सहयोग पुऱ्याएको हो । 'आउ माया गोर्खा बजारमा' बोलको गीतबाट सांगीतिक क्षेत्रमा पदार्पण गरेकी गायिका हुन् सुनिला ।

उपत्यकामा भएका दोहोरी साँझहरूमा उनले दैनिक दोहोरी गाउँदै आएकी छिन् । दोहोरी साँझमा ५ वर्ष गीत गाएरै बिताएकी सुरिली सुनिलाले सातौं गोर्खा महोत्सवमा भएको प्रत्यक्ष दोहोरी प्रतियोगितामा प्रथम स्थान हासिल गरेपछि उनको जीवनमा उर्जा मिलेको थियो । त्यस्तै ल्होसार महोत्सवमा उनले गाएका गीतका शब्दहरूले उत्कृष्टता हासिल गर्न सफल भयो । गीत गाउनकै लागि जन्मिएको जस्तो लाग्छ रे सुनिलालाई । दोहोरी गायनमा शब्दचयनमा समेत ध्यान दिने गर्छिन् सुनिला । आफैं गीत लेख्ने, लय बनाउने काममा समेत उनको दख्खल छ । दोहोरी गायनमा लाग्नेहरूले पनि सुर र तालको ख्याल गर्नुपर्छ, हारमोनियममा नै बजाएर गाउन सक्नुपर्छ भन्ने कुरामा उनको ध्यान जाने गरेको । राम्रो हारमोनियम बजाउन सक्ने प्रतिभा उनीभित्र छ । गायनमा लागिसकेपछि बाद्यवादन, नृत्य र संगीतको ज्ञान हुनुपर्छ, उनले भनिन् - सुर ताल र लयभित्र गायक गायिकाहरूले ध्यान दिनुपर्ने हुन्छ ।

आफ्नो प्रस्तुति देखाउनकै लागि देशदेखि विदेशमा हुने महोत्सवहरूमा सहभागी हुँदै आएकी सुनिलाले हाम्रो माया अमर प्रेम, लाहुरे बन्छौ रे, जुनलाई साथी तारा छ, काठमाडौंमा पशुपतिनाथ, धौलागिरीमा जस्ता चर्चित गीतहरूमा स्वर दिइसकेकी छन् । त्यस्तै गायिका सुनिलाले लाउँदिन हिल जुत्ता र भुइँचालोले भत्कियो मेरो माइती देश जस्ता तिज गीतमा समेत स्वर दिएकी छन् । रामजी खाँड, खुमन अधिकारी, राजु परियार, दीपसागर थापा जस्ता चर्चित गायकहरूसँग सहकार्य गरिसकेकी गायिका सुनिलाले पछिल्लोपटक बजारमा ल्याएको गीत भने धौलागिरीमा हो । जुन गीत दीपसागर थापासँग गाएकी हुन् । यतिबेला धौलागिरीले संचारमाध्यम, यूट्यूब जस्ता सामाजिक सञ्जालमा समेत राम्रो चर्चा बटुल्न सफल भएको छ । नयाँ एल्बमको तयारीमा जुटिरहेकी सुनिलाले आफूलाई सकेसम्म सफल गायिका बनाउने योजनामा छिन् । आफू संगीतको विद्यार्थी भएको बताउने सुनिला लोकदोहोरी गाउनेहरूले संगीत शिक्षामा पनि ध्यान दिन जरूरी रहेको बताउँछिन् ।

*प्रस्तुतिः सुमन बैरागी*

*तस्वीरः नवीन गुरूङ*










म्यूजिक खबर पाक्षिकका लागि प्रकाशक/सम्पादकः सविता पोखरेल, प्रधानसम्पादकः सुमन बैरागी कार्यालयः पुतलीसडक, काठमाडौं । फोनः ०१-४०१०३४५, इमेलः musickhabar.com@gmail.com वेबः www.musickhabar.com मुद्रणः गौरीशंकर प्रिन्टिङ प्रेस एण्ड पब्लिकेशन, बागबजार काठमाडौं